जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पवित्र बन्धन हो, विवाहलाई लेनदेनको विषय नबनाऔं, विवाहमा दाईजो लिने र दिने काम नगरौं, दाईजोको कारण हुने हिंसा अन्त्य गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ •अंक ३३१ • २०८२ साल बैशाख १५ गते सोमबार (28 April, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सभापति लामिछानेविरुद्ध मुद्दा दर्ता हुने

**टुडे समाचारदाता**

वीरगञ्ज। सहकारी ठगी प्रकरणमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेविरुद्ध मुद्दा दर्ता हुने भएको छ।

सभापति लामिछानेविरुद्ध दर्ता मुद्दा जिल्ला प्रहरी कार्यालय पर्साले ५ महिनाको अनुसन्धानपछि जिल्ला सरकारी वकिलको कार्यालयलाई मुद्दा दर्ता गर्नुपर्ने रायसहितको प्रतिवेदन बुझाएको छ।

लामिछानेविरुद्ध दर्ता भएको तीनवटा मुद्दामध्ये दुईवटाको मात्रै अनुसन्धान सकेर प्रहरी प्रतिवेदन गत शुक्रबार सरकारी वकिलको कार्यालयमा बुझाएको पर्सा प्रहरीका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिए।

उनीविरुद्ध सहकारी ठगी, सम्पत्ति शुद्धिकरण र संगठित अपराध गरी तीनवटा मुद्दा दर्ता भएकोमा सहकारी र संगठित अपराध सम्बन्धी मुद्दाको अनुसन्धान सकाएर प्रहरी प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाइएको लम्सालले बताए। सम्पत्ति शुद्धिकरण सम्बन्धी मुद्दाको अनुसन्धान भने जारी नै रहेको छ।

अनुसन्धानका क्रममा वीरगञ्जको सानोपाइला बचत तथा ऋण सहकारी संस्थामा लामिछानेसहितको संलग्नतामा २ अर्ब ३० करोड १४ लाख २९ हजार ८ सय रुपैयाँ २९ पैसा रकम अपलचन भएको पुष्टि भएको उनले बताए।

# मधेश प्रदेश सरकारको काण्डैकाण्ड

# सामाजिक विकास मन्त्रालयका सचिव र प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशकविरुद्ध मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव इम नारायण श्रेष्ठ र प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. श्रवणकुमार मिश्रलगायतका विरुद्धमा विशेष अदालतमा मुद्दा दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामाजिक विकास मन्त्रालयका सचिव श्रेष्ठलगायतविरुद्ध ५२ करोड रुपैयाँभन्दा बढीको भ्रष्टाचार मुद्दा दायर दायर गरिएको छ भने प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. मिश्रलगायतका विरुद्धमा पनि मुद्दा दायर गरिएको जनाएको छ।

सामाजिक विकास मन्त्रालयका तत्कालीन सचिव श्रेष्ठलगायतविरुद्ध ५२ करोड भन्दा बढीको भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार छुट्टाछुट्टै ४ वटा भ्रष्टाचार मुद्दा दायर गर्दै ५२ करोड ४२ लाख ५४ हजार ४६० रुपैयाँ बिगो मागदाबी समेत गरेको छ।

आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जनाए अनुसार प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गत जनस्वास्थ्य प्रयोगशालाको उपकरण खरिदमा व्यापक अनियमितता भएको ठहरसहित एउटा मुद्दामा २१ करोड ८९ लाख ३९ हजार ७६० रुपैयाँ बिगो मागदाबी गरिएको छ।



२०७९/८० मा मधेश प्रदेशका ७२ वटा पालिकामा प्रयोगशाला स्थापना गर्न गरिएको उपकरण खरिदमा सार्वजनिक खरिद ऐन र वित्तीय नियम उल्लंघन गरिएको, म्याद गुज्रिएका सामाग्री प्रयोग गरिएको, आवश्यकताभन्दा बढी क्षमताका उपकरण खरिद गरिएको जस्ता गम्भीर अनियमितता देखिएको आयोगका प्रवक्ता पौडेलले जनाए।

यसमा तत्कालीन सचिव श्रेष्ठसहित मन्त्रालय र जनस्वास्थ्य प्रयोगशालाका १५ जना कर्मचारी र हस्पिटेक इन्टरप्राइजेज प्रालि र यसको सञ्चालक विशाल पण्डितलाई समेत प्रतिवादी बनाइएको छ। त्यस्तै प्रदेश जनस्वास्थ्य प्रयोगशालामा आर्थिक अनियमितता भएको प्रकरणमा अर्को आरोपपत्रसमेत दायर गरिएको छ। यसमा समेत तत्कालीन सचिव, निर्देशक, ल्याब टेक्निसियनलगायत १५ जना कर्मचारी तथा हस्पिटेक इन्टरप्राइजेजका सञ्चालक विशाल पण्डितविरुद्ध कुल १९ करोड ४६ लाख १३ हजार १२० रुपैयाँ बराबरको बिगो कायम गरी आरोपपत्र दायर गरिएको छ।

६४ वटा पालिकामा निदान केन्द्र स्थापना गर्न भएको उपकरण खरिद प्रक्रियामा पूर्व तयारी नगरी, लागत अनुमान मनोमानी गरी, प्रतिस्पर्धा सीमित पार्दै, हस्पिटेक इन्टरप्राइजेजसँग मिलेमतो गरेर अनियमितता गरिएको पाइएको आयोगले जनाएको छ।

तेस्रो मुद्दामा मेडिकल सामग्री, उपकरण, फर्निचर र आईटी पूर्वाधार खरिदमा अनियमितता भन्दै ६ करोड ५ लाख ११ हजार ५ सय रुपैयाँ बिगो मागदाबी गरिएको छ।

आरोपपत्रमा तत्कालीन निर्देशक डा. श्रवण कुमार मिश्र, वरिष्ठ ल्याब टेक्निसियन गुणानन्द प्रसाद साह, वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी, लेखा अधिकृत अमरदीप महतो, ल्याब असिस्टेन्ट कर्मशील प्रसाद गोप, मेडिकल ल्याब टेक्नोलोजिष्ट मन मोहन मिश्र र ल्याब टेक्निसियन निरीक्षक राम उदगार यादवसहित सेभेन हिल्स प्रालि र सञ्चालक अनिल शाहसमेतलाई प्रतिवादी बनाइएको उनले बताए।

त्यस्तै चौथो मुद्दामा जनस्वास्थ्य प्रयोगशालाकै उपकरण, फर्निचर र आईटी पूर्वाधार खरिदमा थप भ्रष्टाचार भएको आयोगले जनाएको छ। यसमा ५ करोड १ लाख ९० हजार ८० रुपैयाँ भुक्तानी गरेको पाइएको भन्दै आयोगले तत्कालीन निर्देशक डा. श्रवण कुमार मिश्र, वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक गुणानन्द प्रसाद साह, वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी, लेखा अधिकृत अमरदीप महतो, ल्याब असिस्टेन्ट कर्मशील प्रसाद गोप, मेडिकल ल्याब टेक्नोलोजिष्ट मन मोहन मिश्र, ल्याब टेक्निसियन निरीक्षक राम उदगार यादव र सेभेन हिल्स प्रालि तथा सञ्चालक अनिल शाहलाई प्रतिवादी बनाएको जनाइएको छ।

प्रयोगशालाले ठेक्का सम्झौता गर्ने क्रममा हस्पिटेक इन्टरप्राइजेज प्रालिका सञ्चालक पण्डितकी पत्नी सञ्चालक रहेको कस्तूरी ट्रेड लिंक प्रालि काठमाण्डु, पण्डितका ससुरा संस्थापक रहेको मेडी सोलुसन इन्टरनेसनल प्रालि काठमाण्डु र उनका दाइले बिक्री गरेको लाइफलाइन ट्रेड इन्टर नेसनल प्रालि, ललितपुरसँग दररेट लिइ केही रकम मात्र फरक पारी, लागत अनुमान तयार गरिएको छ। प्रयोगशालाले पण्डितसँगको मिलेमतोमा गैरकानुनी लाभ उठाउने बदनियतले पूर्वनियोजित योजनाबमोजिम नै एउटै परिवार वा नातेदारकै फर्मबाट दररेट लिएको आयोगले जनाएको छ।

त्यस्तै बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रालिले बोलपत्रको सूचना आह्वान गर्नुभन्दा पहिले नै २०७९ वैशाख २९ मा ६४ थान अटो केमेस्ट्री एनालाइजर उपकरण खरिदका लागि अर्डर गरेर २०७९ असार २० मा नेपालमा पैठारी भइसकेको पाइएको र त्यही उपकरण प्रयोगशालाका लागि पठाइएको देखिएको जनाइएको छ।

उनीहरुमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, जरिवाना र बिगो असुल उपरको माग गर्दै विशेष अदालतमा आरोपपत्र पेश गरेको आयोगले जनाएको छ।








# सप्तरी बस दुर्घटना हुँदा तीन मृत्यु

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको कञ्चनरूप नगरपालिका-१० स्थित बदगामामा भएको यात्रुवाहक बस दुर्घटनामा घाइते भएका थप एकजना गरी तीन जनाको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भई उपचारका लागि गोल्डेन अस्पताल विराटनगर पुऱ्याइएका सप्तकोशी नगरपालिका- १ का ७५ वर्षीय रत्नबहादुर मगरातीको उपचारका क्रममा मृत्यु भएको थियो।



गाईघाटबाट विराटनगरतर्फ जाँदै गरेको प्र१-०१-००१ ख ३४२० नं. को यात्रुवाहक बस अनियन्त्रित भइ दुर्घटना हुँदा मृत्यु भएका एक पुरुष र एक महिलाको सनाखत नभएको सप्तरीका एसपी ढकेन्द्र खतिवडाले जानकारी दिए।

दुवैको शव गजेन्द्रनारायण सिंह अस्पताल राजविराज ल्याइएको उनले बताए। सो दुर्घटनामा दुई दर्जन यात्रु घाइते भएका छन्। उनीहरुलाई उपचारका लागि विभिन्न अस्पताल पठाइएको छ। बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको उनले बताए।

# एकजना महिलाको हत्या

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको सीमावर्ती क्षेत्रस्थित विष्णु गाउँपालिकामा एक जना महिलाको आफ्नै जेठाजुले धारिलो हतियार प्रहार गरी हत्या गरेका छन्।

विष्णु गाउँपालिका-३ स्थित मधुवनगोठका ४० वर्षीय साहेब पासवानले बुहारी ३६ वर्षीया रेनुदेवी पासवानको हत्या गरेका छन्।

उनले आइतबार विहान बुहारी रेनु देवीलाई धारिलो हतियार (फर्सा) प्रयोग गरेर हत्या गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।



प्रत्यक्षदर्शीले जनाए अनुसार साहेबले बुहारी रेनुदेवीलाई शरीरका विभिन्न भागमा १५ पटक भन्दा बढी फर्साले प्रहार गरेका थिए। प्रारम्भिक अनुसन्धानमा जेठाजु साहेब पासवानले बुहारी रेनुदेवीसँग खाना मागेको र सोही समयमा विवाद भएपछि एक्कासी फर्सा निकालेर प्रहार गरेको पाइएको सर्लाही प्रहरीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले जानकारी दिए।

शनिबार झगडा भएपछि साहेबकी श्रीमती र छोराछोरी भारतस्थित माइती घर गएकी थिइन्। शनिबारदेखि नै भोको रहेका साहेबले आइतबार बिहान खाना माग्न जाँदा विवाद भएपछि बुहारीमाथि नै धारिलो हतियार प्रहार गरेका सर्लाही प्रहरीले जनाएको छ।

सो घटना लगत्तै प्रहरीले साहेब पासवानलाई नियन्त्रणमा लिएको छ। प्रहरी चौकी मधुवनगोठले तत्कालै नियन्त्रणमा लिएको साहेबलाई थप अनुसन्धान तथा कारबाहीका लागि सदरमुकाम मलङ्गवा ल्याइएको प्रहरी उपरीक्षक सिंहले बताए।

मृतक रेनुदेवीको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ। रेनुदेवीका श्रीमान गजेन्द्र पासवान मजदुरीका लागि भारतमा छन्।

# सशस्त्र प्रहरी नम्बर ११ को १८ औं स्थापना दिवस सम्पन्न

**सञ्जय मिश्र**

रौतहट। सशस्त्र प्रहरी नम्बर ११ हेक्वा गण रौतहटको १८ औं स्थापना दिवस आईतवार भव्यताका साथ सम्पन्न भएको छ। गण द्वारा एक विशेष समारोहको आयोजना गरी १८ औं स्थापना दिवस विभिन्न कार्यक्रम सहीत सम्पन्न भएको हो।

सो अवसरमा कार्यक्रममा सशस्त्र प्रहरी छिन्नमस्ता बाहिनी बर्दिवासका निमित प्रमुख एसएसपी सूर्य बहादुर सेन ओलीले सशस्त्र प्रहरीको जन्म एक बिशेष अवस्थामा भएको हुनाले हामीले हरेक दृष्टिकोणले बिशेष परिस्थितिको सामना गरिरहेको र गर्नुपर्ने बताए।

हाम्रो व्यक्तिगत स्वार्थ र चाहना कहिल्यै पनि राष्ट्र मुलुकको आवश्यकता भन्दा माथी नहुने उनले बताएका थिए। रौतहट स्थित केही सशस्त्र बेस पतीले आफ्नो कर्तब्य बिर्सिएको जस्तो देखिएकाले बेलामै सचिन एसएसपी ओलीले सुझाव दिएका थिए।

१८ महिना एसपिको रुपमा काम गरिसकेको रौतहटमा एसएसपी बनेर प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्न पाएकोमा गर्व र खुसी दुवै महसुस भएको बताएका थिए।

सो कार्यक्रममा राजदेवी नगरपालिकाका मेयर भिखारी यादवले बोर्डर छेउमा सशस्त्र बेस बोर्डर आउट पोष्टहरु स्थापना देखी आपराधिक क्रियाकलापमा कमी आएको बताएका थिए।



विगतमा रातिराति भारतीय डाँकाहरु सीमावर्ती गाउँहरुमा आउने गर्दथे, लुटपाट बाट जोगिन गाउँलेहरु रातभरी जाग्राम बस्नु पर्ने वाध्यता थियो। तर सशस्त्र प्रहरीको उपस्थितिबाट शान्ति सुरक्षा कायम भएको छ।

राजदेवी नगरपालिका क्षेत्र अन्तर्गत सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट बेलाबिछावाले दुईचोटि भारतीय को हतियार समात्यो त्यस पछि भारतीय अपराधीहरूको भागाभाग भएको मेयर यादवले बताएका छन्।

बाढीको समय सशस्त्र प्रहरी बागमती नदीको बाँधमा बसेर गाउलेको जीवन रक्षा गर्दैआएकोमा मेयर यादवले सशस्त्र प्रहरी जनताको दुःख सुखमा सदैव साथरहेको बताएका थिए। सोही अवसरमा सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एसपी सन्तोष कुमार बस्नेतले यस आर्थिक बर्षको साउन देखि बैशाख १३ गतेसम्मको प्रगती प्रतिवेदन प्रस्तुत गरेका थिए।

भारतसँगको ३२ किलोमिटर लामो अन्तराष्ट्रिय सीमाको सुरक्षालाई थप व्यवस्थित बनाउन लागिपरेको बताएका थिए।

१३८ पटक संयुक्त सीमा गस्ती संचालन गरिएको, ९ वटा स्थानमा दशगजा अतिक्रमण हटाइएको, सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत १ वटा सार्बजनीक शौचालयको निर्माण, ३ वटा चापाकल निर्माण र १ वटा सार्वजनिक चौतारा निर्माण कार्य सम्पन्न गरिएको बताएका थिए।

विभिन्न सुरक्षात्मक कारबाही एवं चेकजाँचबाट ४ नाल पेस्तोल, १० राउण्ड गोली तथा त्यसमा संलग्न ५ जना व्यक्तिहरुलाई नियन्त्रण गरिएको बताएका थिए।

अबैध चोरी तस्करी नियन्त्रणमा बैशाख १३ गतेसम्म ४ करोड ५१ लाख ६५ हजार ७ सय चौरहत्तर बराबरको विभिन्न अवैध सामानहरु बरामद गरी राजश्व अनुसन्धान कार्यालय तथा भन्सार कार्यालयमा दाखिला गरिएको बताएका छन्।

तस्करीको अवैध सामान ओसार पसारमा प्रयोग गरिएका तथा अवैध १४३ वटा सवारी साधन र बिभिन्न अपराधिक गतिविधि तथा घटनामा संलग्न १८ जना ब्यक्तिलाई प्रकाउ गरिएको छ।

, लागु औषध सीमा अपराध जस्ता बिषयमा ११७ वटा सचेतनामुलक कक्षा संचालन गरिएको छ। विपद् जन्य घटनाहरुमा उद्दार, राहत तथा पुनस्थापना जस्ता कार्यमा अहोरात्र खटिदै आईरहेको छ। जिल्लामा बाढी तथा डुबान, आगलागी, सवारी दुर्घटना लगायतका १६६ वटा घटनाहरुमा ९१७ जना जनशक्ति परिचालन गरिएको उनले बताएका छन्।

बर्षायामको समयमा घट्ने बाढीको डुबानका घटना तथा उद्धार सम्बन्धी विविध पक्षलाई समावेश गरी २ पटक संयुक्त कृत्रिम घटना अभ्यास संचालन गरिएको उनले बताएका छन्।

जिल्लाको समग्र शान्ति सुरक्षा कायम राख्न, भारतसँगको ३२ किलोमिटर लामो अन्तराष्ट्रिय सीमाको सुरक्षालाई थप व्यवस्थित बनाउन लागिपरेको बताएका थिए।

अवसरमा नेपाली सेनाका कर्णेल किशोर अधिकारी, नेपाल प्रहरीका एसपी दिलीप घिमिरे, राष्ट्रिय अनुसन्धानका एसपी अभिनय कुमार सिंह, बिभिन्न कार्यालयका प्रमुखहरु, संघ संस्थाका प्रमुखहरु, सीमावर्ती पालिकाका वडा अध्यक्षहरु, सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो।

सोही अवसरमा प्रमुख अतिथि एसएसपी सूर्य बहादुर सेन ओलीले रेडक्रस सोसाइटी रौतहटका सभापती राजकिशोर यादव, पूर्वाधार विकास कार्यालय गौरका प्रमुख धर्मेन्द्र कुमार मिश्र संगै वर्षभरिमा विभिन्न विधामा उत्कृष्ट सशस्त्र प्रहरीका ५४ जनालाई सम्मान गरेका थिए।

## कृषि औजार कारखाना :
# ३२ महिनामा १६ थरिका औजार विकास

**टुडे समाचारदाता**

राष्ट्रिय आविष्कार केन्द्रले वीरगञ्जको कृषि औजार कारखाना सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिएको ३२ महिनामा १६ थरिका कृषि औजार अनुसन्धान तथा विकास गरेको छ।

कृषि औजार कारखाना वीरगञ्जका प्रमुख तथा इञ्जिनियर रितेश देवले कारखानामा अहिलेसम्म १६ थरिका कृषि औजार अनुसन्धान र विकास गरेको जानकारी दिए। "केन्द्रले अहिले नेपालका लागि आवश्यक पर्ने कृषि औजार अनुसन्धान तथा विकास गर्दै आइरहेको छ", उनले भने, "अहिलेसम्म साना-ठूला गरेर १६ थरिका औजार अनुसन्धान र विकास गरेका छौं।"

केन्द्रले पराल काट्ने, धान काट्ने (रिपर), दाना बनाउने, धान रोप्ने सानो मेसिन (रिपर), घाँस खुर्किने, ड्याङ बनाउने, खाल्डो खन्ने हाते औजार, आलु रोप्ने, आलु गोड्ने, साना ट्र्याक्टरमा राख्ने कल्टिभेटर, हाते प्रेस मेसिन, प्लास्टिक ओछ्याउने, केराको फाइबर निकाल्ने, गोबर पेल्ने, कोदो रोप्ने मेसिन, चाँप कटर, हाते औजारमा बञ्चरो, खुँडा, साना कुटो कोदाली, चाँपलगायत घरायसी प्रयोजनमा प्रयोग हुने कृषि औजार तयार पारिसकेको छ। "केन्द्रमार्फत कारखानामा अहिले अनुसन्धान र विकासकै चरणमा भएकाले पनि ठूलो मात्रामा व्यावसायिक रूपमा उत्पादन हुन सकिरहेको छैन। यद्यपि सामान्य खालका औजार भने बिक्री वितरण भइरहेको छ", उनले भने, "कोही शुभचिन्तकहरू यहाँ आएर नै कहिलेकाहीँ यहीँ उत्पादन भएका कृषि औजार खरिद गरेर लैजाने गर्नुभएको छ।"



कारखानाका प्रमुख देवले केन्द्रले केही समयअघि रु ५० लाख खर्चेर सीएनसी मेसिन ल्याएसँगै औजार उत्पादनमा सहजीकरण र सरलता ल्याएको जानकारी दिए। "सीएनसी मेसिनले नयाँ औजार उत्पादनभन्दा पनि काम गर्नका लागि निकै सहजता गराइरहेको छ। यहाँका कार्यरत इञ्जिनियर तथा अन्य प्राविधिक कर्मचारीलाई काम गर्न सजिलो र सहजता प्रदान गर्दै आइरहेको छ।"

अहिले कृषि औजार कारखाना वीरगञ्जमा ३६ कार्यरत छन्। "कृषि औजार कारखाना पनि राज्यकै हो, राज्यले नै यसको अनुसन्धान र विकासका लागि ध्यान दिन जरुरी छ", उनले भने, "देशका किसानका लागि अत्यावश्यक पर्ने सबै खालका औजार यही कारखानाबाट बनाउन पाएको खण्डमा जनता धेरै लाभान्वित हुने थिए।" कारखानाका प्रमुख देवले तीनवटै तहका सरकार बजेट निर्माणको पूर्वसन्ध्यामा रहेकाले पनि कृषि औजार कारखानाका लागि आवश्यक पर्ने फलामको कच्चा पदार्थमा भन्सार छुटको व्यवस्था गरिदिनका लागि माग गरेका छन्। "तयारी अवस्थाका कृषि औजारमा एक प्रतिशतमात्र भन्सार शुल्क लाग्ने गर्छ। तर औजार निर्माणका लागि आवश्यक पर्ने फलामलगायत कच्चा पदार्थको आयातमा कम्तीमा पनि २० प्रतिशत पर्न जाने गर्छ", उनले भने, "विदेशमा बनाइएका तयारी कृषि औजारसँग स्वदेशमा निर्माण गर्ने औजारलाई प्रतिस्पर्धी बनाउन गाह्रो भइरहेको छ। यसले पनि उत्पादनमा धेरै समस्या ल्याइरहेको छ।" प्रमुख देवले कृषिका लागि आवश्यक पर्ने कच्चा फलामको आयातमा धेरै करको दर भएकाले पनि कृषि औजार कारखाना लागि आवश्यक पर्ने कच्चा पदार्थमा सहुलियत वा छुटको व्यवस्था गरिदिनका लागि आग्रह गरे।

तत्कालीन सोभियत सङ्घको आर्थिक र प्राविधिक सहयोगमा वीरगञ्जस्थित कृषि औजार कारखाना सञ्चालनमा ल्याइएको थियो। कारखाना २०२४ साल फागुन २८ गते सञ्चालनमा आएको थियो। कारखानाले सुरुआती चरणमा कृषि औजारको उत्पादन गरेर स्वदेशमा मात्र होइन, विदेशमा निर्यात गर्दै आइरहेको थियो। तर कारखाना व्यवस्थापनमा भएका कमीकमजोरीले अन्ततः २०५९ सालसम्म आइपुग्दा कारखाना बन्द हुने अवस्थामा आइपुग्यो।

कृषि तथा पशुपन्छी मन्त्री रामनाथ अधिकारीले कृषि औजार कारखानालाई आवश्यक पर्ने सहयोगका लागि आफूले सहजीकरण गर्दै आएको जानकारी दिए। उनले भने," मैले कृषिमन्त्रीको पदभार सम्हालेपछि कारखानाको स्थलगत अवलोकन एवं जानकारी लिएँ। कारखानालाई सुदृढ बनाउँदै व्यावसायिक उत्पादन गर्न आवश्यक सहयोग गर्न म तयार छु।"

केन्द्रलाई पुनर्जीवित बनाउने कोसिस जारी

केन्द्रले दुई दशकभन्दा लामो समयदेखि बन्द भएर अलपत्र भएको औजार कारखानालाई पछिल्लो समय पुनर्जीवित बनाउने कोसिस जारी राखेको छ।

विसं २०७९ भदौ ३१ गते बसेको मन्त्रिपरिषद् बैठकले दुई दशकदेखि बन्द अवस्थामा रहेको कृषि औजार कारखानाको व्यवस्थापन र सञ्चालनका लागि राष्ट्रिय आविष्कार केन्द्रलाई १० वर्षका लागि उपलब्ध गराउने निर्णय गरेसँगै कृषि औजार कारखानाले पुनर्जीवन प्राप्त गरेको हो।

विसं २०७९ असोज ११ गते अर्थ मन्त्रालयका तत्कालीन सहसचिव रमेश केसी र राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गरेका थिए। तर केन्द्रले औपचारिक रूपमा काम सुरु भने २०७९ साल माघमा मात्र थालेको हो। पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रको काँधमा कृषि औजार कारखाना आउँदा कारखानाको अवस्था भने निकै दयनीय अवस्थामा थियो।रासस

# ४ अरब २ करोड ५६ लाख ६० हजारको गहुँ उत्पादन




**टुडे समाचारदाता**

बारा। बारामा कृषकहरूले यस बर्ष गहुँ खेतीगरि ४ अरब बराबरको कुल ९३ हजार ६ सय २० मेट्रिकटन गहुँ उत्पादन गरेको कृषि ज्ञानकेन्द्रका प्रमुख राजनारायण साहले जानकारी दिएका छन्।

कृषकहरूले एनएल ९७१, विजय गौतम, भृकुटी जातको गहुँ कुल ३० हजार २ सय हेक्टर क्षेत्रफलमा खेती गरि प्रति हेक्टर ३ दशमलव १ मेट्रिकटनको दरले ४ अरब २ करोड ५६ लाख ६० हजार बराबरको गहुँ उत्पादन गरेको कृषि ज्ञानकेन्द्रका प्रमुख साहले भने।

सिँचाईका लागि जिल्लाका किसानहरुले ५० प्रतिशत सहुलियतमा टियुवल, बोरिङ लगायतका सिचाई व्यवस्थापन गरिएको हुँदा यस बर्ष गहुँ उत्पादनमा १ प्रतिशतले वृद्धि हुनुको साथै क्षेत्रफलमा समेत वृद्धि भएको ज्ञानकेन्द्रका अर्थ विज्ञ गणेश महराले बताए।

उत्पादित गहुँ कलैया बजारमा प्रति क्विन्टल ४ हजार ३ सय को दरले बिक्री भइरहेको ज्ञानकेन्द्रका अर्थ विज्ञ महराले बताए। गतबर्ष कृषकहरूले विभिन्न जातको गहुँ ३० हजार हेक्टर क्षेत्रफलमा खेती गरी प्रति हेक्टर ३ दशमलव मेट्रिकटनले कुल ९० हजार मेट्रिकटन गहुँ उत्पादन भएको ज्ञानकेन्द्रले जनाएको छ।

## JCB हरायो

मेरो निम्न ब्यहोरा भएको जि.ध. औरही गा.पा. वडा नं. ५ चक्कर गाउँ देखी पूर्व छता पोखरी नजिक काम गरि रहेकोदेखी मिति २०८१/१२/०८ गते करिब विहान ०५:०० बजे ना. २ क. १८८ नम्बरको पहेले कालो रंगको चेचिस नम्बर NJHSWER-0807-R को महेन्द्रा एण्ड महेन्द्रा Earth master Sx 400D 3532 CC लोडर हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम: राम कलेश मण्डल**
**ठेगाना: औरही गा.पा.-५, चक्कर**
**मो. नं. ९८१७६२६९१५**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

मेष : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।
वृष : आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ।
मिथुन : नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।
कर्कट : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ।
सिंह : रमाइलो यात्राको अवसर जुट्न सक्छ।
कन्या : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ।
तुला : प्रशंसकहरू बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ।
वृश्चिक : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ।
धनुः विगतका कमजोरी सच्याउने मौका मिल्नेछ।
मकर : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।
कुम्भः सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ।
मीन : अध्ययन अध्यापनमा प्रगति हुनेछ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हत्या आरोपमा प्रहरीले ४ जनालाई पक्राउ

**टुडे समाचारदाता**

रौतहट । १४ वर्षीय बालकको हत्या आरोपमा प्रहरीले ४ जनालाई पक्राउ गरेको छ । वृन्दावन नगरपालिका-७ का कृष्णप्रसाद यादवको हत्या गरेको आरोपमा प्रहरीले सोही ठाउँ बस्ने मुख्य अभियुक्त २५ वर्षीय नागेन्द्र सहनी र सहायक अभियुक्त २२ वर्षीय साधुलाई पक्राउ गरेको छ ।

त्यस्तै, मृतकको मोटरसाइकल खरिद गर्ने गौर नगरपालिका-४ का विकास पटेल र मोटरसाइकल टुक्रा पार्ने ग्यारेजवाला अनिल साहलाई पनि प्रहरीले पक्राउ गरेको छ ।



जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार कृष्णप्रसाद यादव गत वैशाख ६ गते बीआर०५डबलू०१३७ नम्बरको मोटरसाइकल लिएर घरबाट निस्केका थिए । तर, उनी घर नफर्केपछि ९ गते प्रहरी कार्यालय गरुडामा खोजतलासका लागि परिवारले निवेदन दिएको थियो । प्रहरीले खोजतलास गर्दा ११ गते रौतहटको गरुडा नगरपालिका-८ स्थित चाँदी खोलामा छाती र पेटमा गोली लागेको अवस्थामा यादवको शव फेला परेको थियो ।

प्रहरी अनुसन्धानमा नागेन्द्र सहनी र मृतक यादवको परिवारसंग पुरानो रिसिइबी रहेको र त्यसैको रिसमा उनीहरूले हत्या गरेको खुलेको थियो ।

नागेन्द्र सहनीको भतिजी मृतकको बुबाको ईँटा भट्टामा डुबेर मृत्यु भएको थियो । यो विषयमा आफ्नो भतिजीलाई मारेको भनेर सहनीको परिवारको आरोप लगाएको थियो । यसैगरी, ३ वर्षअघि मृतक यादवको बुबालाई अपहरण गरेको भनेर नागेन्द्र सहनीको दाइ धर्मेन्द्र सहनीमाथि अपहरण मुद्दा चलेको थियो । उनी हालसम्म फरार रहेका छन् । प्रहरीका अनुसार घटनाको दिन नागेन्द्र र साधुले टिकटक बनाउनको लागि मृतक यादवलाई मोबाइलमा फोन गरी गरुडा नगरपालिका-८ स्थित चाँदी खोलामा बोलाएका थिए ।

यादव त्यहाँ पुगेपछि दुई जना मिलेर उनलाई नियन्त्रणमा लिई उनको मोबाइल खोसेका थिए । त्यसपछि सोही मोटरसाइकलमा तीनै जना बसी बीचमा यादवलाई बसाएर चाँदी खोलामा पुगेका थिए ।

घटनास्थलमा पुगेपछि साधुले मृतक यादवलाई धकेली लडाएका थिए र नागेन्द्रले उनीमाथि छातीमा २ राउण्ड गोली प्रहार गरेका थिए। वारदातपछि दुवै प्रतिवादीहरू मृतककै मोटरसाइकल लिएर साधुको रौतहटकै दुर्गा भगवती गाउँपालिका-५ स्थित बहिनी ज्वाइँको घरसम्म पुगेका थिए ।

उनीहरूले सो घरभित्र टिनको बाकसमा पेस्तोल लुकाएका थिए भने मोटरसाइकलको नम्बर प्लेट भाँची माटोमा गाडेर मोटरसाइकल भने सोही घरमा छाडेका थिए ।

त्यसपछि भोलिपल्ट बिहान दुवै जना पुनः बहिनी ज्वाइँको घरमा पुगेर मोटरसाइकल लिई विकास पटेललाई ५ हजार रुपैयाँमा बेचेका थिए ।

प्रारम्भिक अनुसन्धानपछि प्रहरीले ४ जनामाथि कर्तव्य ज्यान मुद्दामा ७ दिन म्याद थप गरी थप अनुसन्धान गरिरहेको छ।

# कांग्रेस धनुषाद्वारा सिडिओ मार्फत प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषाले धनुषाका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन् ।

पार्टीको सबै सहमहामन्त्रीलाई बदनाम गर्ने गरि शुक्रवारको प्रतिनीधिसभा बैठकमा राप्रपा अध्यक्ष राजेन्द्र लिङदेनले भाटभटेनी लुटपाटको घटना सम्बन्धमा राखेको धारणा विरुद्ध कारवाहिको मांग गर्दै आईतबार ज्ञापन पत्र बुझाएका छन् ।



सयौंको संख्यामा जुलुस निकालेर जिल्ला प्रशासन कार्यालय धनुषा पुगेका कांग्रेसका नेता तथा कार्यकर्ताले लिङ्देन विरुद्ध नाराबाजीसमेत गरेका थिए। नेपाली कांग्रेस धनुषाले लिङ्देनको गैरराजनितीक, बिना आधार प्रमाणको कपोकल्पित अभिव्यक्तिले पार्टीका सबै सहमहामन्त्री र प्रतिष्ठामाथी नै आँच आउने काम भएकाले प्रमाण दिन नसके लिङदेनलाई कारवाहि हुनुपर्ने मांग अघि सारेको छ । ज्ञापन पत्र बुझाउन नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियार, पदाधिकारीहरु, मन्त्री तथा प्रदेश सांसद शेष नारायण यादव, प्रदेश सांसद कुमरकान्त झा, प्रदेश सदस्य जिवनाथ चौधरी लगायतका सयौं नेता तथा कार्यक्रताहरु पुगेका थिए ।

# जनकपुरधाममा टिभिएसको एक्सचेन्ज मेनिया सुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा टिभिएसको एक्सचेन्ज मेनिया आईतबारबाट सुरु भएको छ ।

यो एक्सचेन्ज मेनिया अफर बैशाख १९ गत्तेसम्म जनकपुरधामको बाह्रविघा मैदानमा चल्ने टिभिएस मोटसाईकलको जनकपुरधामस्थित अधिकृत बिक्रेता आर्यन्स अटो मोबाईल्सका सञ्चालक रामबालक महतोले जानकारी दिए ।

यस एक्सेन्ज मेनिया अफर अन्तर्गत कुनै पनि कम्पनिको मोटरसाईकल कुनै पनि कन्डिसनमा एस्केचन्ज गर्न सकिने व्यवस्था गरिएको सञ्चालक महतोले जानकारी दिए । उनले कुनै पनि कन्डिसनको मोटरसाईकलको न्यूनतम भ्यालुएसन रु तीसहजार हुने जानकारी दिएका छन् । त्यस्तै, यस एक्सचेन्ज मेनियामा नयाँ मोटरसाईकल खरीदमा १ लाख सम्मको क्यास डिस्काउनट पाउने अवसर रहेको उनले बताए । साथै सून्य प्रतिसत ब्याजदरमा २४ महिनासम्मकालागि इएमआईको व्यवस्था पनि रहेको उनको भनाई छ ।

मोटरसाईकल एक्सचेन्ज तथा नयाँको खरीदमा हेलमेट, बाईक कभरलगायतका एसेसिरिजहरु फ्रिमा पाईने जनाइएको छ । त्यस्तै, दुई वर्ष सम्म स्पेयर पार्टस, ईन्जिन आयलका साथै सर्भिसिङ पनि फ्रि रहेको सञ्चालक महतोले बताए ।

# स्रोत नखुलेको ठूलो रकमसहित भारतीय नागरिक पक्राउ

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको मलंगवा नगरपालिका-६, खुटौनास्थित भित्री सडकखण्डमा स्रोत नखुलेको ठूलो रकमसहित एक जना भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारतको बिहार राज्य, सितामढी जिल्ला, कुनौली थाना निवासी ४० वर्षीय शम्भु कुमार साह रहेका छन्।


जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार, आज बिहान करिब ७ बजेतिर प्रहरी चौकी खुटौनाबाट खटिएको गस्ती टोलीले भारतबाट नेपालतर्फ भित्रिरहेको BR 06 CT २४२२ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा साहसँग लुकाइछिपाइ राखिएको नेपाली रुपैयाँ ३२ लाख ३५ हजार ४४० र भारतीय रुपैयाँ २ हजार १४० फेला पारेको हो।

श्रोत खुल्न नसकेको उक्त रकमसहित मोटरसाइकल र साहलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। अहिले उनीमाथि थप अनुसन्धान भइरहेको र घटनाका सम्बन्धमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीको भनाइ छ।

# मह जोडीले पार गरे सहकार्यको ४५ वर्ष

काठमाण्डु । 'मह जोडी' अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य । नेपाली रङ्गमञ्चमा मह जोडीका नामले स्थापित उहाँहरू 'एकै रथका दुई पाङ्ग्रा'का रुपमा सहकार्य गरिरहनुभएको छ ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय रङ्गमञ्चहरूमा प्रहसन, टिभी शृङ्खलाको निर्माण गर्दै आमदर्शकको मन जित्न सफल वरिष्ठ कलाकर्मी श्रेष्ठ र आचार्य नेपाली समाजमा उदाहरणीय एवं अनुकरणीय व्यक्तित्वका रुपमा परिचित हुनुहुन्छ । मह जोडीका रुपमा उहाँहरूको सहकार्यले आज वैशाख १४ गते ४५ वर्ष पूरा भएको छ । करिब आधा शताव्दीसम्म निरन्तर रुपमा जोडी बनेर दर्शकको मन जित्नसक्नु र आफ्ना लागि एउटा सम्मानित पहिचान स्थापित गर्नसक्नु नै उहाँहरू दुईको इमान्दारिताको उदाहरण हो ।



यो ४५ वर्षको सहकार्यमा मह जोडी बनेर काम गर्दा दुवै कलाकारले नामसँगै दाम पनि कमाउनुभयो । तर, जति लाभ हुन्छ, त्यति नै लोभ बढ्ने सम्भावना पनि हुन्छ। यसको प्रभाव पनि यो जोडीले हावी हुन् दिएनन् । फलतः सहकार्यको झण्डै आधा दशक कलासाधनामा समर्पित भई दर्शकसहित आमनेपालीको मन जित्न मह जोडी सफल भएको देखिन्छ।

यसै सन्दर्भमा अभिनेता आचार्यले आफूलाई भाग्यमानी पुस्ताका रुपमा बुझ्नुभएको छ । किनकी कलाकारिताको दौरानमा उहाँहरुले प्रविधिगत र राजनीतिक धेरै परिवर्तनलाई नजिकबाट बुझ्न पाउनुभयो । "हामीले रङ्गमञ्चमा प्रहना गर्यौं, क्यासेट बनायौं, टेलिभिजनका लागि शृङ्खला बनायौं, चलचित्रमा पनि काम गरायौं, त्यसकारण पनि म र मदन दाई भाग्यमानी पुस्ता बन्न पुग्यौं । हामीले सबै माध्यममार्फत् आफ्नो कामलाई देखाउने मौका पायौं । अहिले पनि हामीले पुराना कामलाई अत्याधुनिक प्रविधिमा रुपान्तरण गरेर 'डिजिटल' रुपमा उपलब्ध गराएका छौं", अभिनेता आचार्यले भन्नुभयो ।

उहाँले मह जोडीले यो यात्रा पार गर्नुमा आपसी सम्बन्ध, पारिवारिक हार्दिकता र दर्शकको माया रहेको बताउनुभयो । "दर्शकले हामीलाई एकसाथ हेर्ने इच्छा नराख्नु भएको भएँ हामीले यत्रो यात्रा पार गर्न सम्भव थिएन । अनि हामीलाई परिवारले सधैं सहयोग गरेर अगाडि बढ्न मद्दत गर्‍यो । हाम्रो सम्बन्धमा उनीहरू हावी भएनन् । यसका साथै हामीले गरिरहेको कामले दुवै नाम दियो, एउटा स्थान बनायो । एकअर्कासँग कहले आरिस (इगो) राखेनौं, सधैं दर्शकको भावनाअनुरुप प्रस्तुत भइरह्यौं", अभिनेता आचार्यले भन्नुभयो ।

यसैगरी अभिनेता श्रेष्ठले मिलेर काम गरेमा त्यसले सफलता दिने बताउनुभयो । उमेरका हिसाबले ७५ वर्ष पुग्नुभएका अभिनेता श्रेष्ठले चलचित्रसहित विज्ञापनमा अझै सक्रिय भई काम गरिरहनुभएको छ । उहाँले कामका सिलसिलामा कहिले त्यसको लाभ-हानि हाबी हुन् नदिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामी कहिले पैसाको पछाडि लागेनौं, काममै केन्द्रित भयौं । त्यसले हामीलाई नाम र दाम दुवै दियो । फेरि दुवैको नाम र काअम एउटै छ, त्यसकारण पनि हामीले सोच्नुपर्ने केही थिएन। हामीमा इमान्दारिता छ, सद्भाव छ, सदैव एकअर्काको राम्रो भएको हेर्न र सुन्न चाहन्छौं, त्यसैले यति लामो समयसम्म मह जोडीका रुपमा यात्रा तय गर्न सकेका हौं ।"

उहाँले स्वास्थ्यले साथ दिएसम्म आफूहरू एकसाथ काम गरिरहने बताउनुभयो । पछिल्लो समय दुवै जनाले एकसाथ चलचित्र 'महापुरुष' मा काम गर्नुभएको थियो । त्यसपछि अभिनेता आचार्यले 'महाजात्रा', 'भूठान' र 'हरिबहादुरको जुत्ता' मा अभिनय गरिसक्नुभएको छ । यस्तै अभिनेता श्रेष्ठले पनि 'पहाड' र 'परान' नामक चलचित्रमा काम गर्नुभएको छ । छुट्टिएर चलचित्रको छायाङ्कन गर्दा होस् वा भोजमा, जहाँ जाँदा पनि एकलाई देखेपछि अर्कालाई खोज्नु स्वाभाविक छ। "मलाई हरिजी खोइ भनेर सोध्नु भयो भने यही त छन् नी, म भित्रै छन् भनेर भन्ने गरेको छु । कार्यक्रममा मात्र होइन चलचित्रको छायाङ्कनमा पनि सोधिरहनु हुन्छ", अभिनेता श्रेष्ठले भन्नुभयो ।

उहाँ दुईको कम्पनी 'मह सञ्चार'मा २०६० सालदेखि जोडिनुभएका निर्देशक प्रदीप भट्टराई पारिवारिक सदस्य झैं देखिनुहुन्छ । सामान्य सहयोगीका रुपमा शृङ्खलामा काम गर्न जोडिनुभएका निर्देशक भट्टराईले धेरै शृङ्खलामा मुख्यसहायक निर्देशक र केही शृङ्खलामा निर्देशक नै भएर काम गर्नुभयो। चलचित्रकै सन्दर्भमा 'शत्रु गते' र 'महापुरुष' मा मह जोडीलाई निर्देशक भट्टराईले निर्देशन गर्नुभएको छ।

"उहाँ दुई मेरा लागि जीवित भगवान् झैं हुनहुन्छ । उहाँहरुको कर्म जस्तो छ, व्यवहार पनि त्यस्तै छ । मलाई त कर्म सिकाउने गुरू नै उहाँहरू हुनहुन्छ, मैले जे भने पनि उहाँहरूका लागि शब्द कम नै हुन्छ, मलाई एउटा छोराकै रुपमा माया गर्नुहुन्छ", निर्देशक भट्टराईले भन्नुभयो ।

मह जोडी एकसाथ नदेखिँदा सधैं प्रश्न गर्ने गरिएको निर्देशक भट्टराईले देख्नु/सुन्नुभएको छ । टेली शृङ्खलामा काम गर्दा होस् वा चलचित्रमा दुई एकसाथ नदेखिँदा प्रश्न तेर्सिनु स्वाभाविक हो । र, उहाँले मह जोडीलाई 'दुईमै एक र एकमै दुई' देख्नुभएको छ। जहाँ 'म' त्यहाँ 'ह' पनि हुने बुझाइ निर्देशक भट्टराईको छ । त्यसकारण मह जोडीलाई शीर्ष भूमिकामा लिएर गज्जबको चलचित्र बनाउने रहर उहाँको छ।

"उहाँहरूको क्षमतासँग म नजिकदेखि परिचित छु, त्यसैले एउटा गज्जबको चलचित्र बनाउने रहर छ । कथा पनि सोचिरहेको छु, किनकी उहाँहरूप्रति दर्शकको अपेक्षा बढेको छ, म आफैँ पनि अभिनय गराउनकै लागि गराउने पक्षमा छैन । त्यसकारण उहाँहरूलाई पर्दामा देखाउन पाउँदा म पनि दर्शक झैं खुसी हुन्छु", निर्देशक भट्टराईले भन्नुभयो ।

हास्य कलाकारका रुपमा चिनिनुभएका मह जोडी अहिले आफूलाई फरक भूमिकामा प्रस्तुत गरिरहनुभएको छ। अभिनेता आचार्यले अभिनय गर्नुभएको 'भूठान' मा एक दृश्यमा मात्र हाँसेको देख्न पाइन्छ । 'बलिदान' पछि पूर्णतया गम्भीर भूमिकामा अभिनेता आचार्य प्रस्तुत हुनुभएको छ। यसअगाडि अभिनेतामा हुने नवरसमध्ये हास्यरस हावी हुँदा उहाँहरू हास्य कलाकारका रुपमा बढी प्रस्तुत हुनुभएको निर्देशक भट्टराईले बताउनुभयो।

"उहाँ दुई नै पूर्ण कलाकार हुनुहुन्छ। हामीले शृङ्खलामै केही फरक र भिन्न काम गरेका छौं । मैले उहाँहरूमा अभिनेतामा हुने सबै गुणलाई देखेको थिएँ, त्यही भएर नै 'महापुरुष' चलचित्रमा केही भिन्न रुपमा प्रस्तुत गरैं । अहिले दर्शकले पनि विस्तारै बुझ्दै हुनहुन्छ, उहाँहरू सबै किसिमका भूमिका गर्नसक्ने लोकप्रिय एवं सर्वस्वीकार्य कलाकार हुनहुन्छ", निर्देशक भट्टराईले भन्नुभयो ।

गत वर्षमात्र मह जोडीले विदेश र नेपालमा 'मह जात्रा' गरेका थिएँ । आउँदो समयमा पनि सँगै काम गरी सहकार्यलाई निरन्तरता दिने पक्षमा उहाँहरू हुनुहुन्छ । छोटो समयमा नाता-सम्बन्ध टुट्ने अहिलेको जमानामा वरिष्ठ कलाकार श्रेष्ठ र आचार्यको दोस्ती र सहकार्यले ४५ वसन्त पार गर्नु एकअर्काप्रतिको इमान्दारिता र सम्मान नै हो । रासस


## राजर्षिजनक विश्वविद्यालय
### डीनको कार्यालय
### जनकपरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

मिति: २०८२/०१/१४

राजर्षिजनक विश्वविद्यालय मानविकी तथा कानून संकाय डीनको कार्यालय, विज्ञान प्रविधि तथा इन्जिनियरिङ्ग संकाय डीनको कार्यालय र व्यवस्थापन संकाय डीनको कार्यालयको खरिद समितिहरुको बैठकको निर्णयानुसार तत् तत् डीनको कार्यालयहरुमा रहेको DLI-5 को बजेटबाट सामाग्रीहरु खरिद गर्न मिति २०८२/०१/०५ गते प्रकाशित सूचनालाई प्राविधिक कारणले शंसोधन सहितको सूचना प्रकाशन गर्ने गरी हाललाई स्थगित गरिएको छ ।

विस्तृत जानकारीको लागि सम्पर्क नं ९८५१२७४०३९, ९८६४०४१०८१ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**खरिद समिति**



## श्री चित्रगुप्त सेवा समिति
### जनकपुरधाम-१०

**निर्वाचन सम्बन्धी सूचना**

श्री चित्रगुप्त सेवा समिति जनकपुरधाम कार्यकारिणी समितिको निर्वाचन यहि आउँदो २०८२/०२/१७ गते हुने भएकोले यस समितिका सम्पूर्ण चित्रांश तथा आजिवन सदस्य ज्यूहरुलाई यसै सूचना मार्फत जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

**निर्वाचन सम्बन्धी कार्यक्रम**

- **सूचना प्रकाशन मिति** :- २०८२/१/१०
- **आजिवन सदस्यता प्राप्त गर्ने अन्तिम मिति** :- २०८२/१/२९
- **अन्तिम मतदाता नामावली प्रकाशन मिति** :- २०८२/२/।७
- **मनोनयन दर्ता मिति** :- २०८२/२/१० गते ११:०० बजे देखि ३:०० बजे सम्म
- **उम्मेदवारको नामावली प्रकाशन मिति** :- २०८२/२/१० गते ५:०० बजे
- **नामावली उपर दावी विरोध मिति** :- २०८२/२/१२ गते ११:०० बजे देखि ५:०० बजे सम्म
- **उम्मेदवारको अन्तिम नामावली प्रकाशन मिति** :- २०८२/२/१३ गते ५:०० बजे
- **निर्वाचन मिति** :- २०८२/२/१७ गते १०:०० बजे देखि ४:०० बजे सम्म
- **नतिजा प्रकाशन** :- मतगणना पश्चात
- **सपथ ग्रहण तथा प्रमाण-पत्र वितरण मिति** :- २०८२/२/३१ गते

**निर्वाचन आयुक्त**



## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान
### प्रादेशिक अस्पताल
### जनकपुरधाम, धनुषा, नेपाल

**बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सुचना**


सुचना प्रकाशन मिति : २०८२/०१/१५

यस अस्पतालबाट मिति २०८१।०७।२० गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं. : MP/MIHS/NCB/GOODS–1/2081-82 को 1S2E बिधि बमोजिमको बोलपत्र सम्बन्धि सुचना अनुसार PPMO को e–GP System मार्फत रितपुर्वक दाखिला हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिई छनोट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७८ प्रयोजनार्थ उक्त बोलपत्रको आर्थिक प्रस्ताव खुल्ने भएकोले सम्बन्धित बोलपत्रदाताको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल:**

| क्र.सं | ठेक्का नं. | बोलपत्रदाताको नाम तथा ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| 1. | MP/MIHS/NCB/GOODS-1/2081-82,The Procurement of supply & Delivery of Medicine | Pearl Meditech Pvt Ltd, Bharatpur - 12<br>Lav medical hall, Jaleshwor-4, Mohattari | प्रादेशिक अस्पताल, जनकपुरधाम<br>मिति: २०८२/०१/२२ गते<br>समय: दिउँसो २:०० बजे |

(मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,अस्पताल निर्देशक)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## आतंककारीलाई संरक्षण नगर

भारतको जम्मु कश्मिर राज्यको विकटस्थानमा अवस्थित भगवान अमरनाथ (बर्फानी बाबा) को दर्शन केबल तीन महिना हुने गर्छ। बर्फबारी भइरहने सो स्थानमा वैशाखदेखि असारसम्म मात्र दर्शनका लागि अनुमति दिइने गरिन्छ । बर्फले ढाकिने गुफामा बर्फकै ज्योर्तिलिंग निर्माण हुने गरेको छ । बर्फबारी कम हुने गर्मीमा भगवान अमरनाथको गुफासम्म सर्वसधारण श्रद्धालुहरुको जाने अनुमति दिइन्छ। विकट मार्ग र आतंककारीहरुको बक्रदृष्टि रहने अमरनाथ यात्राका लागि भारत सरकारले कडा सुरक्षा व्यवस्था गर्छ। तीर्थयात्रीहरु सैनिक सुरक्षाबीच यात्रा गर्छन् । मुस्लीम समुदायको बाहुल्यता रहेको सो स्थानमा धार्मिक पर्यटकहरुको सेवामा उनीहरु सक्रिय रहेका हुन्छन् । तीर्थयात्रीहरुलाई हरसम्भव सेवा जम्मु कश्मिरका मुसलमानहरुले गर्छन् । भगवान बर्फानीको विकट स्थलमा रहेको गुफासम्म पुगेर एकदिनमै फर्किनुपर्ने बाध्यता हुन्छ । गुफा र मार्गमा समेत बासका लागि सुरक्षित स्थल नरहेको कारण तीर्थयात्रीहरु दर्शन गरेर त्यही दिन फर्किने गर्छन् । जम्मु कश्मिरभरि नै तीर्थयात्रीको सुरक्षामा भारतीय सेनाको कयौं बटालियन तैनाथ हुन्छ । हिन्दूहरुको अराध्यदेव भोलेनाथको दर्शनका लागि भारतका मात्र नभइ नेपाल समेत कयौँ देशका हिन्दूहरु जाने गर्छन् । श्रद्धाको केन्द्रमा पुग्ने हिन्दूहरु उपर गत १५ गते सोमवार आतंककारीहरुले हमला गरे ।त्यसक्रममा २६ जना तीर्थयात्रीहरुको गोली हानेर हत्या गरियो । केही तीर्थयात्री घाइते भए। अनन्तनाग जिल्लामा अवस्थित भगवान अमरनाथको गुफासम्म पुग्ने दुईवटा मार्ग रहेको छ । एउटा पहलगाम र अर्को बालताल मार्ग मध्ये पहलगाम केही सुगम तर लामो मार्ग रहेको छ। बालताल केही विकट तर केही छोटो मार्ग रहेको छ। तीर्थयात्रीहरु सुविधा अनुसारको मार्ग प्रयोग गर्छन् । यस पटक यात्रा प्रारम्भ भएको पहिलो चरणमै पहलगाम बेसक्याम्प नजिकै आतंककारीहरुले तीर्थयात्रीहरुमाथि गोली प्रहार गरे । त्यसक्रममा २६ जना तीर्थयात्रीको ज्यान गयो। त्यस मध्ये एकजना नेपाली पनि थिए। धार्मिक यात्राका लागि गएका तीर्थयात्रीहरुमाथि आक्रमण गर्ने आतंककारीहरु पाकिस्तानी सीमाबाट आएको भारतीय पक्षको आरोप छ । हिमाली घाटीमा तीर्थयात्रीहरुमाथि आक्रमण गर्ने आतंककारीहरुलाई पक्राउ गर्न सकिएको छैन। तर आतंककारीहरुको कारण भारत र पाकिस्तानबीचको सम्बन्ध चिसिएको छ । पाकिस्तानले आतंककारीहरुको संरक्षण दिँदै आएको कुनै नौलो होइन । भारतले मात्र नभइ संसारका कयौं देशले पाकिस्तानमाथि आतंककारीहरुलाई संरक्षण गरेको आरोप लगाउँदै आएका छन् । पाकिस्तानले आतंककारीहरुको संरक्षण र प्रश्रय दिएर तत्काल केही फाइदा लिए पनि दीर्घकालीन रुपमा हानिकारक नै हुनेछ। पाकिस्तानी सेनाले आतंककारीहरुलाई प्रशिक्षण दिने र हातहतियार उपलब्ध गराउँछन् । त्यस्ता कार्यहरु सबै दृष्टिले निन्दनीय छ। पाकिस्तानले आतंककारीहरुको संरक्षण दिन हुँदैन।

# पूर्वोत्तर भारत : उग्रवाद र आतंकवादको संगम !



रोशन पोखरेल

भारतको उत्तर-पूर्वी क्षेत्र विशेषगरी आसाम, अरुणाचल, नागाल्यान्ड, मणिपुर, मिजोरम, त्रिपुरा र मेघालय । दशकौंदेखि विद्रोह, आतंकवाद र जातीय द्वन्द्वको चपेटामा परेको क्षेत्र हो यो।

यो क्षेत्र भौगोलिक रूपमा भारतको मुख्यभूमिसँग कमजोर रूपमा जोडिएको छ र यसका ९८ प्रतिशत सीमा अन्तर्राष्ट्रीय सिमानासँग जोडिएका छन्, जसले सीमा सुरक्षा र आप्रवासन नियन्त्रणमा चुनौती खडा गरेको छ। ऐतिहासिक रूपमा औपनिवेशिक कालमा अंग्रेजहरूले यी क्षेत्रहरूलाई 'एक्लुडेड एरियाज' र 'ब्याकवार्ड ट्र्याक्ट्स' घोषणा गर्दै अन्य भागबाट अलग राखे। त्यसले जनजाति समुदायहरूलाई भारतको राष्ट्रीय धाराबाट टाढा राख्यो र उनीहरूमा अलग पहिचानको भावना जन्मायो ।

स्वतन्त्रतापछि पनि यी समुदायहरूलाई समावेश गर्ने प्रयासहरू अपर्याप्त रहे। र, समयक्रममा पृथकतावादी आन्दोलनहरू तीव्र भए । उदाहरणका रूपमा नागा, मिजो, बोंगो, बोडो, कचारी, मेटेईजस्ता थुप्रै जातीय समूहहरूले अलग राज्य, स्वायत्तता वा पूर्ण स्वतन्त्रताको माग गर्दै आन्दोलन चलाए। यसले गर्दा थुप्रै विद्रोही समूहहरू जन्मिए, जसमा एनएससीएन, उल्फा, एनएलएफटी, पीएलए, एटीटीएफ प्रमुख थिए। यी समूहहरूले सुरक्षाकर्मीमाथि आक्रमण, फिरौतीका लागि अपहरण, आम नागरिकको हत्या र बम विष्फोटजस्ता गतिविधि गर्दै आएका छन् ।

पूर्वोत्तर भारतमा आतंकवाद र उग्रवादका कारण उत्पन्न अस्थिरताले विकास प्रक्रिया अवरुद्ध बनाएको छ । यो क्षेत्र सामाजिक, धार्मिक र भाषिक रूपमा अत्यन्तै विविध छ। र, सामूहिक पहिचानको अभावका कारण विभिन्न जातीय समूहबीच विश्वासको संकट र हिंसा उत्पन्न भएको छ। बंगलादेश, म्यानमार र चीनबाट हुने आप्रवासनले जनसांख्यिकीय स्वरूप परिवर्तन गरिरहेको छ, जसले स्थानीय समुदायमा असन्तोष र डर पैदा गरेको छ। यही आप्रवासनले कतिपय क्षेत्रमा जातीय द्वन्द्वलाई चर्काएको छ, जसको फाइदा उग्रवादी समूहहरूले उठाउँदै आएका छन् ।

पूर्वोत्तर भारतको आतंकवादको प्रकृति केवल हिंसात्मक गतिविधिमा सीमित छैन, यसमा इतिहास, पहिचान, राजनीतिक विमुखता र आन्तरिक आसमानताको जटिल मिश्रण समेटिएको छ। जसले समानता, समावेशिता र लोकतान्त्रिक मूल्यहरूलाई आत्मसात् गर्छ ।

जातीय पहिचानको राजनीति र उग्रवादको जन्म

उत्तर-पूर्वी भारत विविध जातीय समूहहरूको बसोबास रहेको क्षेत्र हो। ऐतिहासिक रूपमा जनजाति समुदायहरूलाई 'मुख्यधारा'बाट अलग्गै राखिएको भावना, राष्ट्रीय राजनीति र प्रशासनिक उपेक्षा तथा सीमित विकासका कारण ती समुदायहरूमा असन्तोष पलाउँदै गयो। यस असन्तोषलाई संगठनात्मक स्वरूप दिने काम गरे, पृथकतावादी समूहहरूले। उदाहरणका लागि, आसाममा सक्रिय उल्फा 'स्वतन्त्र आसाम'को माग गर्दै राज्य-विरोधी गतिविधिहरूमा दशकौंदेखि संलग्न रहँदै आएको छ। यस्तै, नागाल्यान्डमा एनएससीएन-आईएमले 'नागालिम' नामक पृथक राष्ट्रको माग राख्दै हिंसा, अपहरण र कर असुलीजस्ता गतिविधिहरू गर्दै आएको छ ।

### हिंसाको चपेटामा नागरिक

उग्रवादी समूहहरूले सरकारी निकाय, सुरक्षा बल र बाहिरी समुदायहरूलाई लक्षित गर्दै गरिएका आक्रमणहरूले हजारौं नागरिकको ज्यान लिइसकेको छ। त्रिपुरामा एनएलएफटी र एटीटीएफजस्ता संगठनहरूले बंगाली आप्रवासीहरूमाथि आक्रमण गर्दै आए, जसले राज्यमा जातीय तनाव चर्कायो। मणिपुरमा जातीय हिंसाले हिंसात्मक विद्रोहलाई थप उकास्ने काम गरिरहेको छ । यस्ता आक्रमणहरूले विद्यालयदेखि विकास परियोजनासम्म ठप्प बनाएका छन् । नागरिकहरू निरन्तर त्रासमा बाँचेका छन् । अनि, राज्य र केन्द्र सरकारबीच सुरक्षा संयन्त्रको तालमेल कहिलेकाहीं असफल देखिएको छ ।

सिमाना र अन्तर्राष्ट्रीय चुनौती

भारतको पूर्वोत्तर क्षेत्र बंगलादेश, म्यानमार र चीनसँग सिमाना जोडिएको छ। खुला सिमानाका कारण हतियार तस्करी, आतंकवादीको आवागमन र आधारशिविर स्थापना गर्न सहज बनाएको छ । केही समूहहरूले विदेशी समर्थन पनि पाएका छन् भन्ने आशंका समय-समयमा भारतीय सुरक्षा निकायहरूले जनाउँदै आएका छन् । यसले भारतको क्षेत्रीय सुरक्षा नीतिमा समेत असर पारिरहेको छ ।

### अरुणाचलका बासिन्दा- पहिचान, अधिकार र अस्थिरता

अरुणाचल प्रदेशमा बसोबास गर्दै आएका चकमा र हाजोङ शरणार्थीहरूको मुद्दा राज्यको सामाजिक र राजनीतिक तानावानासँग जोडिएको एक जटिल विषय हो, जसले मानव अधिकार, नागरिकता र आदिवासी समुदायको सांस्कृतिक अस्तित्वको संवेदनशीलता उजागर गर्छ। सन् १९६० को दशकमा पूर्वी पाकिस्तान (हाल बंगलादेश) बाट आएका यी शरणार्थीहरूलाई भारत सरकारले अस्थायी रूपमा बसोबासको अनुमति दिएको भए पनि दशकौं बितिसक्दा पनि उनीहरूको नागरिकता स्थिति अस्पष्ट छ ।

अर्कोतर्फ, अरुणाचल प्रदेशका स्थानीय जनजातिहरूले चकमा र हाजोङहरूको स्थायी बसोबासले आफ्नो भूमि, रोजगारी, राजनीतिक अधिकार र सांस्कृतिक पहिचानमा असर पार्ने भन्दै तीव्र विरोध जनाउँदै आएका छन् । यसले राज्यमा जातीय तनाव बढाएको छ र भारत सरकारका नागरिकतासम्बन्धी प्रयासहरू स्थानीय असहमति र कानूनी जटिलताले अवरुद्ध भइरहेका छन् । समाधानका लागि मानव अधिकार र स्थानीय चासोलाई सन्तुलित गर्दै संवेदनशील, समावेशी र संवादमा आधारित नीति निर्माण अपरिहार्य देखिन्छ ।

विद्रोहको चपेटामा पूर्वी अरुणाचल

अरुणाचल प्रदेशको पूर्वी भाग विशेषतः तिराप, चाङलाङ र लोङडिङ (टीसीएल) जिल्लाहरू दशकौंदेखि विद्रोह र अस्थिरताको चपेटामा परेका छन् ।

यो क्षेत्र विभिन्न उग्रवादी समूहहरूको गतिविधिको केन्द्र बनेको छ, जसमा नेसनल सोसलिस्ट काउन्सिल अफ नागाल्यान्ड-खापलाङ युङ आङ (एनएससीएन-के-वाईए) र युनाइटेड लिबरेसन फ्रन्ट अफ आसाम-इन्डिपेन्डेन्ट (उल्फा-आई) प्रमुख छन्। यी समूहहरूले अपहरण, फिरौती, हत्या र सुरक्षाकर्मीमाथि आक्रमणजस्ता हिंसात्मक गतिविधिहरू सञ्चालन गर्दै आएका छन् ।

उदाहरणस्वरूप, सन् २०२४ मा एनएससीएन-के-वाईएले लोहित जिल्लाको मनाभूम आरक्षित वन क्षेत्रमा कार्यरत तेल कम्पनी आयल इन्डिया लिमिटेडबाट २० लाख रुपैयाँ फिरौती माग गरेको थियो । र, चाङलाङ जिल्लाको फिनबोरो कोल माइन्समा कार्यरत १० मजदुरहरूलाई अपहरण गरेको थियो । साथै, सन् २०२२ मा चाङलाङ जिल्लाको पाङ्सु पासमा भारतीय सेनाको शिविरमाथि आक्रमण गरिएको थियो, जसमा एक जुनियर कमिसन्ड अफिसर घाइते भएका थिए ।

यी गतिविधिहरूले स्थानीय जनजीवनमा भय र असुरक्षा सिर्जना गरेको छ। भारत सरकारले सशस्त्र सुरक्षा बल (स्पेसल पावर) ऐन, १९५८ अन्तर्गत टीसीएल जिल्लाहरूलाई 'डिस्टर्ब एरिया' घोषणा गर्दै आएको छ। तर, दीर्घकालीन समाधानका लागि समावेशी संवाद, विकास र स्थानीय समुदायहरूको सहभागिता आवश्यक देखिन्छ ।

### आसामको जटिलता- आप्रवासन, जातीय द्वन्द्व र विकासको असन्तुलन

आसाम राज्य विविध ऐतिहासिक, सांस्कृतिक र भौगोलिक कारणले दीर्घकालीन समस्याको चपेटामा परेको क्षेत्र हो । प्रमुख समस्याहरूमा अवैध आप्रवासन सबैभन्दा गम्भीर विषय हो । विशेषतः बंगलादेशसँगको खुला सीमाले गर्दा आसामको जनसांख्यिक सन्तुलनमा ठूलो असर परेको छ। यसले सामाजिक तनाव, भूमि उपयोग विवाद र पहिचान संकट निम्त्याएको छ ।

यस्तै, जातीय र भाषिक विविधता आसामको सांस्कृतिक धरोहर भए पनि यही विविधताले द्वन्द्वको रूप लिएको देखिन्छ । बोडो, मिसिङ, कार्बी र अन्य आदिवासी समूहहरूबीच भएको सशस्त्र संघर्षले आसामको सामाजिक तानावाना कमजोर पारेको छ । राष्ट्रीय नागरिक रजिस्टर (एनआरसी) र नागरिकता संशोधन ऐन (सीएए) का मुद्दाहरूले अझ गम्भीर असहमतिहरू सिर्जना गरेका छन् ।

साथै, बेरोजगारी, शिक्षाको कमजोर पहुँच, आधारभूत पूर्वाधारको अभाव र क्षेत्रीय असमान विकास पनि आसामको आर्थिक प्रगतिको प्रमुख बाधा हुन् । औद्योगिक विकास कमजोर रहेका कारण युवापुस्ता रोजगारीको खोजीमा अन्य राज्यतर्फ पलायन हुन बाध्य छन् ।

### म्यानमार र चीनको छायामा मिजोरमको सुरक्षा चुनौती

मिजोरममा हिंसात्मक उग्रवादको अवस्था हाल तुलनात्मक रूपमा शान्त छ। तर, क्षेत्रीय अस्थिरताको सम्भावना अझै कायम छ। भारत-म्यानमार-चीनको त्रिकोणीय सीमा क्षेत्रमा अवैध आप्रवासन, जातीय सम्बन्ध र सुरक्षा चुनौतीहरू तीव्र हुँदै गएका छन् ।

विशेषगरी, चीन र म्यानमारबाट आएका शरणार्थीहरू, जसमा चीनको जिन्द प्रदेशका 'जो' जातीय समूह र म्यानमारका चीन विद्रोहीहरू छन् । राज्य सरकार र जनताले उनीहरूलाई सांस्कृतिक र ऐतिहासिक नाताले स्वागत गरे पनि, संघीय सुरक्षा संस्थाहरूले यसलाई सम्भावित सुरक्षा चुनौतीको रूपमा हेर्दै आएका छन् ।

यसैबीच, चीन नेसनल आर्मीका केही सदस्यहरूको मिजोरम प्रवेश र उनीहरूले भारतमा प्रशिक्षण लिएको आशंका उब्जिएको छ, जसले मिजोरमलाई क्षेत्रीय विद्रोहको एक अस्थायी शरणस्थल बनाउने जोखिम बढाएको छ । यस्ता गतिविधिहरूले सीमा सुरक्षा, मानव तस्करी, अवैध हतियार कारोबार र संगठित अपराध बढ्ने सम्भावना पनि देखिएको छ ।

यद्यपि, मिजोरमले सन् १९८६ मा हस्ताक्षर गरिएको ऐतिहासिक शान्ति सम्झौतापछिका दशकहरूमा मुख्य विद्रोही गतिविधि नियन्त्रणमा ल्याएको छ । तर, अहिलेको चुनौती भनेको छिमेकी मुलुकहरूबाट उत्पन्न हुने असर, अवैध आवागमन र संघीय सरकार तथा राज्य सरकारबीचको समन्वय हो। मिजोरममा पूर्ण शान्ति कायम राख्न सीमा नियन्त्रण, शरणार्थी व्यवस्थापन र रणनीतिक संवाद अपरिहार्य देखिन्छ ।

### नागाल्यान्डमा आतंकवाद र उग्रवाद

नागाल्यान्ड भारतको उत्तर-पूर्वी क्षेत्रको एउटा संवेदनशील राज्य हो, जहाँ दशकौंदेखि उग्रवाद र सशस्त्र संघर्षको चक्र जारी छ। ऐतिहासिक रूपमा नागा समुदायले आफूलाई भारतको मुख्यधारासँग गाभिएको होइन, अलग्गै अस्तित्व भएको अनुभव गर्दै आएको छ। यो भावना सन् १९४७ मा भारत स्वतन्त्र भएपछिको समयदेखि देखिन्छ, जब नागा नेताहरूले छुट्टै स्वतन्त्र राष्ट्र माग गर्दै भारत सरकारसँग सशस्त्र विद्रोहको बाटो समाते ।

विशेषतः नेसनल सोसलिस्ट काउन्सिल अफ नागाल्यान्ड (एनएससीएन) जस्ता समूहहरूले नागालिम अर्थात् एकीकृत नागा राज्यको माग गर्दै वर्षौंदेखि विद्रोही गतिविधि सञ्चालन गर्दै आएका छन् ।

नागाल्यान्डको उग्रवादका पछाडि पहिचान संकट, जातीय प्रतिस्पर्धा, सिमाना विवाद, आर्थिक पिछडापन, बेरोजगारी र भौगोलिक पृथकतावादजस्ता गहिरा संरचनागत समस्याहरू छन्। सीमित भौगोलिक पहुँच, कमजोर पूर्वाधार र केन्द्र सरकारप्रतिको अविश्वासले यो संकटलाई झनै जटिल बनाएको छ। म्यानमारसँगको खुला सीमाबाट विद्रोहीहरू सजिलै आवतजावत गर्न सक्ने अवस्थाले पनि नागाल्यान्डको उग्रवादलाई क्षेत्रीय स्तरबाट अन्तर्राष्ट्रीय बनाइदिएको छ। यस्ता सीमापार आश्रयस्थलहरूले भारतको सुरक्षालाई चुनौती दिने गरेका छन् ।

यसबाहेक, नागाल्यान्ड र छिमेकी राज्यहरू- विशेषतः आसाम र मणिपुरबीचको सीमा विवादले राजनीतिक अस्थिरता सिर्जना गरेको छ। सन् १९९७ देखि एनएससीएन (आईएम) र भारत सरकारबीच चलिरहेको शान्ति वार्ताले केही समय शान्ति कायम राख्न भूमिका वहन गरे पनि स्थायी समाधान अझै भएको छैन । स्थानीय युवामा रोजगारी र भविष्यको अप्ठेरो अवस्थाले गर्दा उनीहरू उग्रवादी समूहहरूसँग आकर्षित हुने अवस्था अझै कायम छ ।

### त्रिपुरा- सामाजिक असमानता र आतंकवादबीच जटिल सम्बन्ध

त्रिपुरा भारतको उत्तर-पूर्वी राज्य जातीय तनाव र आर्थिक असमानताका कारण गहिरो संकटमा छ । आदिवासी र गैर-आदिवासी बंगाली समुदायहरूको बीचमा ऐतिहासिक असन्तुष्टि र भूमि तथा स्रोतको असमान वितरणले राज्यमा संघर्षको स्थिति सिर्जना गरेको छ। आदिवासी समुदायले आफ्ना अधिकार र पहिचानका लागि संघर्ष गर्दै आएका छन् भने गैर-आदिवासी समुदायले आफ्नो प्रभुत्व र अस्तित्वको रक्षा गर्न खोजेका छन् ।

आर्थिक रूपमा पनि आदिवासी समुदाय अन्य समुदायको तुलनामा पिछडिएको छ, जसले असन्तोष र समस्यालाई अझ गहिरो बनाएको छ । यो सबै मिलेर त्रिपुरामा आतंकवाद र उग्रवादको समस्या बढिरहेको छ, जसले राज्यको आन्तरिक सुरक्षा र शान्तिपूर्ण अस्तित्वलाई चुनौती दिइरहेको छ ।

मणिपुरको जातीय विभाजन- कुकी र मेजोइ समुदायबीच संघर्ष

मणिपुर पनि मे २०२३ देखि जातीय संघर्षको चपेटामा परेको छ। मेजोई र आदिवासी कुकी समुदायबीचको यो संघर्ष मणिपुर उच्च अदालतको आदेशपछि शुरु भएको हो, जसले मेजोई समुदायलाई विशेष आर्थिक लाभ र आरक्षणको सुविधा दिएको थियो। यो निर्णय आदिवासी समुदायका लागि आरक्षित अधिकारमा हस्तक्षेपको रूपमा लिइएको थियो, जसले व्यापक विरोध र हिंसात्मक प्रतिक्रिया निम्त्यायो । संघर्षका कारण २०० भन्दा बढी व्यक्तिको मृत्यु भयो र ६० हजारभन्दा बढी मानिस विस्थापित भए ।

संघर्षको जरा ऐतिहासिक र सांस्कृतिक भिन्नतामा निहित छ । मेजोई समुदाय, जो मणिपुरको इम्फल उपत्यकामा बसोबास गर्छ, राज्यको बहुसंख्यक समूह हो, जब कि कुकी समुदाय पहाडी क्षेत्रका आदिवासी हुन् । यी समुदायहरू बीचको ऐतिहासिक तनाव र भूमि अधिकारको विवादले संघर्षलाई जटिल बनायो । संघर्षका कारण मणिपुरको अर्थतन्त्रमा गहिरो असर परेको छ । व्यापार-व्यवसाय ठप्प भएका छन् र दैनिक जीवन प्रभावित भएको छ। सुरक्षा स्थिति अस्थिर छ र सरकारको नियन्त्रण कमजोर छ ।

### मेघालयमा सामाजिक र सांस्कृतिक संघर्ष

मेघालयले पनि जातीय संघर्ष र पृथकतावादी आन्दोलनहरूका कारण जटिल समस्याहरूको सामना गर्दैछ । राज्यका प्रमुख आदिवासी समुदाय- खासी, जयन्तिया र गारोबीच ऐतिहासिक सांस्कृतिक भिन्नता र अधिकारको रक्षा गर्ने चाहनाले विद्रोही समूहहरूको जन्म दिएको छ, जसले राज्यको सुरक्षा स्थिति अस्थिर बनाएको छ ।

हाइन्युट्रेप नेसनल लिबरेसन काउन्सिल (एचएनएलसी) र अचिक नेसनल भोलन्टियर काउन्सिल (एएनभीसी) जस्ता समूहहरू आदिवासी समुदायको अधिकार र पहिचानको रक्षा गर्न संघर्ष गर्दैछन्, जसले हिंसा र आतंकवादलाई बढावा दिएको छ । यस्तै, बाह्य आप्रवासीहरूको आगमनले स्थानीय आदिवासी समुदायको असन्तोषलाई थप तीव्र बनाएको छ, विशेषगरी 'ढखार' जनसंख्याको बढ्दो प्रभावले सामाजिक तनाव र संघर्षलाई प्रोत्साहित गरेको छ । यी समस्याहरूका कारण राज्यको आन्तरिक अस्थिरता र सुरक्षा चुनौतीहरू बढेका छन् ।

समाधान केवल सुरक्षा होइन, समावेशी पुनर्निर्माण

उग्रवादको दीर्घकालीन समाधान केवल सुरक्षा बलको प्रयोगमा सीमित रहन सक्दैन । असन्तुष्ट समुदायहरूसँग संवाद, उनीहरूको पहिचानको सम्मान, रोजगारी र शिक्षा-स्वास्थ्यको पहुँच सुनिश्चित गर्नु आवश्यक छ। विशेषगरी युवालाई हिंसा होइन, लोकतान्त्रिक संवादमार्फत परिवर्तन सम्भव छ भन्ने वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

भारत सरकारले केही समूहहरूसँग शान्ति वार्ता पनि थालेको छ, केहीले आत्मसमर्पण गरेपछि मुलधारमा फर्केका छन् ।

तर, समस्याको मूल जरो अझै बाँकी छ। त्यो हो- जातीय असन्तुलन, विकासको असमानता र पहिचानको संकट ।

पूर्वोत्तर भारतमा जारी उग्रवाद केवल सुरक्षाको मुद्दा होइन, यो राज्यको आन्तरिक समावेशिताको परीक्षण पनि हो । यदि भारत समावेशी राष्ट्र बन्न चाहन्छ भने त्यसको आधारभूत परीक्षा यही क्षेत्रमा हुनेछ, जहाँ हिंसालाई संवादले जित्नुपर्छ अनि उपेक्षालाई अवसरले प्रतिस्थापन गर्नुपर्छ । नेपालीहेडलाइनबाट

# नेपालमा क्षयरोग नियन्त्रणका लागि भइरहेका प्रयासहरु

डा. नवीनप्रकाश साह

नेपालमा क्षयरोग (टीबी)को अवस्था अलि जटिल नै छ । विश्व स्वास्थ्य संगठनको पछिल्लो प्रतिवेदन अनुसार नेपालमा ६८ हजार जना नयाँ क्षयरोग प्रभावित व्यक्तिहरु थिए ।

यस्तै क्षयरोगबाट बार्षिक मृत्यु हुनेको संख्या १६ हजार भएको अनुमान छ ।

६८ हजार नयाँ क्षयरोगी भए पनि उपचारको दायरामा ४० हजार ७७६ जना मात्रै छन् ।

यस्तै नेपालमा औषधी प्रतिरोधी क्षयरोग (डीआर टीबी)को रुपमा परिचित कडा खालको क्षयरोगीको संख्या ३ हजार बढी रहेको अनुमान छ । तर उपचारको पहुँचमा अहिले ७५६ जना मात्रै आउनु भएको छ ।

ठूलो संख्यामा उपचारको पहुँच बाहिर हुँदा अर्थात केश पत्ता लाग्न नसक्दा यसले संक्रमितको संख्या घटाउन अवरोध पैदा गरिरहेको छ । संक्रमितहरु उपचारको पहुँचमा नआएकै कारण थाहा नै नभई एक अर्कामा रोग सरिरहेको हुन्छ । यसले रोग नियन्त्रणमा समेत चुनौती देखा परेको छ ।

क्षयरोगको उच्च जोखिम मानिएका विश्वका ३० देशमा नेपाल पनि पर्दछ । यसमा औषधी प्रतिरोधि क्षयरोग बढी पर्दछ ।

यसले भोलीका दिनमा नेपालीहरुलाई अन्तराष्ट्रिय कनेक्टिभिटीमा समेत अफ्टेरो पार्न सक्छ । कुनै पनि देशमा जाँदा यो डीआर टीबी हो कि होईन ? हो भने उपचार गरेर आउ भन्छन् । डीआर टीबी यस्तै बढ्दै गयो भने विदेश जान पनि समस्या हुन्छ । त्यसैले पनि हामी सबै सम्वेदनशील भई उपचारको पहुँचमा सबैलाई ल्याउन जरुरी छ । क्षयरोगको उपचार निशुल्क छ । व्यक्तिले खर्च गर्नु पर्दैन ।

क्षयरोग नियन्त्रणका लागि अहिले भईरहेका काम

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले क्षयरोग नियन्त्रणका विभिन्न प्रयास गरिरहेको छ । त्यसमा पनि यहाँ मैले मुख्य रुपमा भएका पाँच काम उल्लेख गर्न चाहन्छु ।

१. एक्टीभ केश फाइन्डिङ वीथ एक्सरे : राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले अहिले जोखिम समुदायमा गएर एक्सरे सहितको शिविर राख्ने र त्यहाँ क्षयरोगका लक्षण देखियो भने तुरुन्त जाँच उपचार सुरु गर्ने ।

लक्षण छैन तर एक्सरेमा दाग देखियो वा लक्षण भेटियो भने तुरुन्त थप जाँच उपचार गर्ने काम गर्दै आएको छ । यसले लुकेर रहेका केश पत्ता लाग्न सजिलो हुन्छ ।

२. डोर टू डोर क्याम्पियन : हामीले टिभि फ्री पालिका घोषणा गरेका छौं । त्यस ठाउँका घर घरमा गएर क्षयरोगको लक्षण र चिन्ह छ छैन भनेर जाँचहरु गरिरहेका छौं । त्यसलाई अघि बडाई रहेका छौं । यसले पनि क्षयरोगी पत्ता लाग्ने र उपचारको पहुँचमा पुग्नलाई सहयोग गरिरहेको छ ।

३. जीन एक्सपर्ट सेन्टर बढाउँदै लैजाने : क्षयरोग जाँचका लागि जीन एक्सपर्ट सेन्टरहरु बढाउँदै लैजाने काम पनि गरिएको छ । जीन एक्सपर्ट मेसिनका लागि आवश्यक पर्ने कार्टेजको व्यवस्थापन तथा भण्डारण गर्ने काम पनि सेन्टरले गरेको छ ।

४. डीआर टीबीको खोजी : औषधी प्रतिरोधी क्षयरोगको रुपमा परिचित डीआर टीबी संक्रमितहरु जो ७५ प्रतिशत उपचार भन्दा बाहिर नै छन् । उनीहरुलाई उपचारको पहुँचमा ल्याउनका लागि एड्भोकेसी गर्नु परयो । यो क्षयरोग कस्तो खालको हो भनेर नागरिकलाई जानकारी दिने र सचेतना फैलाउने काम पनि गरेका छौं ।

५. क्षयरोग रोकथामका लागि काम क्षयरोग नहुँन दिनका लागि प्रिभेन्टिभ थेरापीहरु जो छ त्यसलाई बढाउँदै लगेका छौं । टीबी प्रिभेन्टिभ थेरापी दिनु अघि इन्फेक्सन हो कि होईन जाच्ने काम गर्नुपर्छ त्यसको दायरा बढाउने पनि काम हो ।

क्षयरोग ६ महिना मै निको हुने रोग हो ?

सबै क्षयरोग छ महिनामै निको हुन्छ भन्ने होईन । कस्तो खालको क्षयरोग हो त्यसले रोगको अवधी भर पर्दछ । यस्तै कस्तो खालको क्षयरोग हो, सो अनुसार औषधी लिन सकिन्छ । छ महिना, नौ महिना १२ महिना, १८ महिना नियमित खानुपर्ने लगायतका औषधीहरु हुन्छन् । त्यसैले लक्षण देखिएमा तत्काल छातीरोग विशेषज्ञकहाँ गएर देखाउँनु होला । क्षयरोगको उपचार निशुल्क छ क्षयरोगको औषधि अहिलेसम्म निशुल्क छ । पहिले ग्लोबल फण्डबाट आउथ्यो भने अहिले धेरै जसो नेपाल सरकारले नै यसको औषधी खरीद गरी बिरामीहरुलाई निशुल्क उपलव्ध गराउँदै आएको छ ।

औषधी प्रतिरोधि क्षयरोग (डीआर टीबी)का बिरामीका लागि न्युट्रेसन अलाउन्स र ट्रान्सपोटेसन अलाउन्स भनेर तीन हजार रुपैयाँ प्रतिमहिना दिईने गरिएको छ ।

रोग पत्ता लागेपछि कति परिवारले बिरामीलाई आफूसंगै राख्न मान्दैनन्, डराउँछन् वा हेयको भावले हेर्ने गरेका छन् ।

त्यसैले सरकारले हरेक प्रदेशमा एउटा एउटा डीआर टिवि होस्टल बनाएको छ ।

यस्ता बिरामीले त्यहाँ गएर बसेर उपचार गर्न सक्छन् । यी होस्टलमा औषधि संगै खाना र बस्न पनि निशुल्क व्यवस्था गरिएको छ ।

३डा. शाह राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र भक्तपुरका बरिष्ठ छातीरोग विशेषज्ञ हुन् ।

# नयाँ चलचित्र ऐन चाँडै ल्याइने : सञ्चारमन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चलचित्र क्षेत्रको सुधार तथा आधुनिकीकरणका लागि तयार पारिएको नयाँ 'चलचित्र ऐन' चाँडै ल्याइने बताउनुभएको छ। उहाँले आजको राष्ट्रियसभामा ऐन पेस गर्ने बताउनुभयो ।

शनिबार ललितपुरस्थित ग्वार्कोमा रहेको होटल तुलिपमा आयोजना गरिएको नेपाली चलचित्र वितरक तथा प्रदर्शकहरूको छाता संस्था नेपाल चलचित्र सङ्घको ५० औँ वार्षिक साधारणसभामा मन्त्री गुरुङले २०२६ सालमै बनेको ' चलचित्र ऐन' परिमार्जन भएर आएपछि चलचित्रकर्मीले सामना गरिरहनुभएको अवरोध हट्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ चलचित्र ऐन टेबल गर्दैछु। म आफू सञ्चार मन्त्रालयमा आएपछि पुरानो नीति र कानुनले दिएको कठिनाइलाई राम्रोसँग बुझेर परिमार्जन गर्न लागिरहेको छु । रेडियो नेपाल, नेपाल टेलिभिजन, हुलाक, रासस, सबै सञ्चार क्षेत्रसँग जोडिएका संस्थाहरूको नीति पुरानो पञ्चायतकालको छ। कानुन पनि पञ्चायतकै छ। यसमा



हामीले काम गर्नुपर्ने छ, गरिरहेका छौँ।"

मन्त्री गुरुङले अबको एक सातामा नेपालको कानुनअनुसार दर्ता नभए 'मेटा'लाई नेपालमा प्रतिबन्ध लगाउने बताउनुभयो । मेटाले नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)भन्दा आफ्नो आम्दानी धेरै भएको उल्लेख गरेको बताउँदै मुलुकको स्वाधीनता पैसामा जोड्न नसकिने उहाँले बताउनुभयो ।

"मेटा भन्नेबित्तिकै फेसबुक होला, म्यासेन्जर, ह्वाट्सएप, इन्ट्राग्राम होला, चलिरहेका छन् । तर, उनीहरूले नेपालको कानुन मान्दिनँ भन्न मिल्दैन, हाम्रो कानुनअनुसार दर्ता भई सञ्चालन हुनुपर्छ । यहाँ हामीसँग दर्ता हुनुपर्दैन, कर तिर्नुपर्दैन ? त्यसका कारणले फैलने गलत कुरा हामीले नियन्त्रण गर्नुपर्दैन ? उनीहरूको कन्टेनले हाम्रो राष्ट्रिय स्वाधीनताका विरुद्धमा बोल्यो भने समाजमा ठूलो प्रभाव पर्न सक्छ। त्यसैले तिनीहरूको नियमन हुनुपर्छ", मन्त्री गुरुङले भन्नुभयो।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले आफूले पदभार सम्हालेदेखि नै भनिरहेका तीन काम अन्तिम चरणमा भएको बताउनुभयो।

"चलचित्र क्षेत्रको पहिलो समस्या भनेकै नयाँ चलचित्र ऐन थियो, जुन हामीले छिट्टै पाउने सुनिश्चित भइसकेको छ। चलचित्र छायाङ्कनका लागि नेपालकै ठूलो स्टुडियो बनाउने कुरा पनि बोलपत्र प्रक्रियाबाट अगाडि बढेर अब छिट्टै शिलान्यास हुँदैछ। यसका साथै चलचित्र भवनमा काटिएको टिकटको विवरण पनि छिट्टै आउनेगरी 'बक्स अफिस'मा 'रियल टायम डाटा' उपलब्ध हुने छ", उहाँले भन्नुभयो । अध्यक्ष डिसीले चलचित्र क्षेत्रमा देखिएका समस्यालाई आफूले चलचित्रकर्मीका रूपमा बुझेकाले त्यसलाई क्रमबद्ध रूपमा समाधान गर्ने बताउनुभयो।

नेपाल चलचित्र सङ्घका अध्यक्ष नरेन्द्र महर्जनले सङ्घले नेपालमा चलचित्र हेर्ने संस्कृतिको विकास गर्न निर्वाह गरेको भूमिकाको विषयमा चर्चा गर्नुभयो।

उहाँले भन्नुभयो, "हामीले प्रिन्ट (रिल) बोकेर पनि चलचित्र देखेका छौँ, अहिले डिजिटल प्रविधि आइसकेको छ। यसकारण हामी पनि समयअनुसार परिमार्जित भएर अगाडि बढिरहेका छौँ । नेपालबाहेक अन्य देश पुगेर त्यहाँ चलचित्र हेर्नु भएका दर्शकलाई उस्तै सुविधा दिने प्रयत्न हाम्रो हुन्छ। हामीलाई भइरहेको कठिनाइलाई हामीले प्रक्रियागत रूपमा चलचित्र विकास बोर्डमार्फत मन्त्रालयमा जानकारी गराउने छौँ", अध्यक्ष महर्जनले भन्नुभयो।

कार्यक्रममा सङ्घमा योगदान दिएको भन्दै ११ जनालाई सम्मान गरिएको थियो । कार्यक्रममा सङ्गीतकार शम्भुजित बाँस्कोटा, अभिनेता हरिवंश आचार्य, हास्य कलाकार किरण केसी, निर्देशक पुर्नेन्दु झा, सम्झना उप्रेती रौनियार, प्रचण्डमान श्रेष्ठ, रेनाशा वान्तवा राई, अभिनेत्री रेखा थापालगायत देशभरका चलचित्र भवन सञ्चालक (प्रदर्शक) उपस्थित हुनुहुन्थ्यो। रासस

# 'नेपालको जलवायु मुद्दाको केन्द्रमा बालबालिका तथा युवा'

काठमाण्डु । मुलुकभरका एक सय बढी बालबालिका तथा युवाले जलवायु परिवर्तन र यसबाट उत्पन्न सङ्कटका बारेमा चिन्ता व्यक्त गर्दै त्यसबाट जोगिने उपायको खोजी गरेका छन् । बालबालिका तथा युवा (वायु) संवादका लागि भेला भएका उनीहरूले सरकारको आयोजनामा हुन गइरहेको अन्तरराष्ट्रिय 'सगरमाथा संवाद'को सन्दर्भमा बालबालिका तथा युवाको नेतृत्वमा जलवायु परिवर्तन प्रतिकार्यका विषयमा छलफल गरेका थिए।



विशेषगरी २४ वर्षमुनिका युवाले नेपालको झन्डै आधा जनसङ्ख्या ओगट्ने अवस्थामा यो कार्यक्रमले एक महत्त्वपूर्ण सन्देश दिएको वन तथा वातावरण मन्त्रालय उपसचिव डा प्रकाशसिंह थापाले जानकारी दिनुभयो । सो कार्यक्रममा सहभागी २० वर्षीय निश्चल भट्टले भन्नुभयो, "जलवायु परिवर्तन भविष्यको चिन्ता होइन, यो आजकै यथार्थ हो, हामी युवासँग परिवर्तन ल्याउने जोश र शक्ति छ। हामी जलवायु न्यायसहितको र उत्थानशील समाज निर्माणमा योगदान दिनका लागि अनुकूल वातावरणको माग गरिरहेका छौँ।"

जलवायु परिवर्तनमा उनीहरूको योगदान धेरै कम भए पनि बालबालिका तथा युवाले यसको परिणाम सबैभन्दा बढी व्यहोर्नुपरेको छ। अत्यधिक गर्मी, भीषण वर्षा, जलवायुजन्य विपद् र प्रदूषित हावापानीका कारण उनीहरूको स्वास्थ्यमा जोखिम, कुपोषणमा वृद्धि र अध्ययनमा बाधा पुगिरहेको छ । नेपालमा सङ्क्रामक कीटजन्य रोग, खाद्य सुरक्षा तथा विद्यालय बन्द हुनुसँग जलवायु परिवर्तन जोडिएको छ। यी सबै चुनौतीले बालबालिका तथा युवाहरू बढी प्रभावित छन्।

"सबै बालबालिकाले सुरक्षित र स्वस्थ वातावरणमा हुर्कन पाउने अधिकार राख्छन् । जलवायु परिवर्तनले यस अधिकारलाई दैनिक रूपमा जोखिममा पारिरहेको छ", नेपालकालागिसंयुक्तराष्ट्रसङ्घका कार्यवाहक आवासीय संयोजक डा एलिस अकुङ्गाले भन्नुभयो। वायु संवादमा बालबालिका तथा युवाको नेतृत्वमा गरिएको जलवायु सङ्कट समाधानको प्रदर्शनी, श्रव्यदृश्य प्रदर्शन, जलवायु उत्थानशीलतासम्बन्धी विज्ञ सत्र र दुई अन्तरपुस्तीय प्यानल छलफल समावेश थिए।

पहिलो सत्रमा शिक्षा, स्वास्थ्य, पानीजस्ता आधारभूत सेवामा जलवायु परिवर्तनको प्रभावबारे छलफल गरिएको थियो। दोस्रो सत्रमा जेठ २ देखि ४ गते हुन गइरहेको सगरमाथा संवादको मूल विषयसँग मेल खाने गरी पर्वतीय पारिस्थितिकी, जलवायु परिवर्तन र मानवताको भविष्यबारे प्रकाश पारिएको थियो। सो संवादमा बालबालिका, किशोरकिशोरी तथा युवाले जलवायु परिवर्तनसम्बन्धी आफ्ना प्रत्यक्ष अनुभव तथा स्थानीयस्तरमा गरिरहेका प्रयास पनि साझा गरेका थिए।

कार्यक्रमको एउटा मुख्य उपलब्धि भनेको सहभागी बालबालिका तथा युवाद्वारा तयार गरिएको घोषणापत्रलाई लिइएको छ । त्यसमा उनीहरूले जलवायु परिवर्तनप्रति उत्थानशील नेपाल निर्माणका लागि आफ्ना माग, प्रतिबद्धता र प्रस्तावित कार्य समेटेका छन् । यो घोषणापत्र सगरमाथा संवादअघि यसको सचिवालयमा बुझाइने छ।

"बालबालिका र युवालाई हाम्रो जलवायु प्रतिबद्धताको केन्द्रमा राख्दै नेपाल विश्वभर नै उदाहरण बनेकामा हामी गर्व गर्छौँ", कार्यक्रमलाई सम्बोधन गर्दै वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले भन्नुभयो, "हाम्रो दोस्रो राष्ट्रिय रूपमा निर्धारण गरिएको योगदानले बालबालिका तथा युवाको आवश्यकतालाई पहिल्यै समावेश गरिसकेको छ र यो विश्वकै सबैभन्दा समावेशी दस्तावेजमध्ये एक हो ।" उहाँले वायु संवाद युवाका आवाजलाई नीतिमा, व्यवहारमा र हरियाली तथा उत्थानशील नेपालको यात्रामा परिणत गने। रासस

# प्रतिनिधिसभा: समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु। प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले राजधानीमा भइरहेका विभिन्न प्रदर्शन, प्रदर्शन, मौलिक हकको कार्यान्वयनका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण, सामाजिक सञ्जालको दर्तालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बैठकको शून्य समयमा उहाँहरूले शिक्षक, चिकित्सक, लघुवित्त र सहकारी पीडितको प्रदर्शनलाई सम्बोधन गर्न, पहाडी क्षेत्रमा भइरहेको खानेपानीको अभाव अन्त्य गर्न आगामी बजेटमा विशेष व्यवस्था गर्न, सामाजिक सञ्जालको दर्ता प्रक्रियामा रहेको कानुनी व्यवधान अन्त्य गर्न सरकारलाई सुझाव दिनुभयो।

सांसद अर्जुननरसिंह केसीले शिक्षकसँग यसअघि भएका सहमति कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै प्रदर्शनरत शिक्षक, आवासीय चिकित्सक, स्थानीय कर्मचारी, लघुवित्त र सहकारी पीडितका समस्या समाधानमा गम्भीर बन्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद अम्मरबहादुर थापाले शिक्षकसँग तत्काल वार्ता र संवाद गरेर माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद कान्तिका सेजुवालले शिक्षकसँग यसअघि भएका सहमतिको



कार्यान्वयन गर्दै निःशुल्क र गुणस्तरीय शिक्षा पाउने विद्यार्थीको हक सुनिश्चित गर्न आग्रह गर्नुभयो।

उहाँले आगामी आवमा कुल बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्न अनुरोध गर्नुभयो।

सांसद गङ्गा कार्कीले विभिन्न माग राखेर सडकमा आन्दोलन गरिरहेका शिक्षक, चिकित्सक र लघुवित्त पीडितलगायतको माग पूरा गर्न सरकारसँग आग्रह गर्नुभयो। सांसद आश्माकुमारी चौधरीले जनभावना सम्बोधन हुने गरी नीति तथा कार्यक्रम र बजेट ल्याउन सरकारलाई सुझाव दिनुभयो। डा अमरेशकुमार सिंहले राष्ट्र प्रमुख, सरकार प्रमुख तथा मन्त्रीहरूको वैदेशिक भ्रमणका क्रममा प्राप्त उपहारलाई सङ्ग्रहालय बनाएर राख्न सुझाव दिनुभयो।

सांसद असिम साहले सामाजिक सञ्जाल नेपालको कानुनअनुसार दर्ता भएर सञ्चालित हुनुपर्नेमा जोड दिँदै त्यस्ता कानुनमा भएका उल्झन हटाउन सुझाव दिनुभयो।

सांसद ईश्वरबहादुर रिजालले जनताको सङ्घर्षबाट परास्त भएको राजतन्त्र नफर्कने उल्लेख गर्दै पश्चगामी सोच र चिन्तन जनतालाई सैह्य नहुने बताउनुभयो।

सांसद ईश्वरी घर्तीले पिउने पानीको अभावमा पहाडी क्षेत्रका नागरिकले सास्ती व्यहोर्नुपरेको जनाउँदै आगामी आवको बजेट निर्माणका क्रममा प्रत्येक वडामा 'रिचार्ज' पोखरी निर्माणको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद उर्मिला माझीले गोरखा भूकम्पबाट प्रभावित सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिकास्थित माझी बस्तीका रहेका ५५ परिवारका नागरिक बैङ्कको कालोसूचीमा परेर उक्त बस्ती लिलामीको अवस्थामा पुगेको जनाउँदै माझी समुदायमाथि परेको अप्ठ्यारो समाधान गर्न आग्रह गर्नुभयो।

सांसद एकनाथ ढकालले आगामी जेठ पहिलो साता काठमाडौँमा आयोजना हुने सगरमाथा संवादको तयारीमा सांसद्लाई पनि परिचालित गर्न आग्रह गर्नुभयो । सांसद कालुराम राईले हिउँदमा आगलागी र डढेलोबाट धनजनको क्षति र वातावरणीय प्रदूषण बढेको भन्दै अगलागी र डढेलो न्यूनीकरणका लागि जनचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो।

सांसद अनिता देवीले भारतको जम्मुकस्मीरको पहलगाममा आतङ्कवादी आक्रमणमा एक नेपालीसहित दर्जनौँ पर्यटकको मृत्यु भएको घटनाको निन्दा गर्दै आतङ्कवादी गतिविधि निर्मुल पार्न विश्वसमुदाय एक हुनुपर्नेमा जोड दिनुभयो। रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०१/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | **नाम : टोप बहादुर माझी**<br>ना.प्र.नं. ०४९२३२४६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०९/१८<br>बाबुको नाम : सन्त बहादुर माझी<br>बाजेको नाम : मंगले माझी<br>ठेगाना : महोत्तरी जिल्ला, गौरीबास गा.वि.स. वडा नं. ३<br>हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३ | **नाम : प्रमिला कुमारी माझी**<br>ना.प्र.नं. ०४९३४६३८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५६/०४/२७<br>पतिको नाम : टोप बहादुर माझी<br>ससुराको नाम : सन्त बहादुर माझी<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ३ |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| २. | **नाम : श्याम कुमार कार्की**<br>ना.प्र.नं. २३९, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४२/११/२६<br>पतिको नाम : गंगा बहादुर कार्की<br>ससुराको नाम : मोहन बहादुर कार्की<br>ठेगाना : सिन्धुली जिल्ला, लदाभीर वडा नं. ९<br>हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ७ | **नाम : प्रमिला प्रसाई**<br>ना.प्र.नं. १८९२/१०७३८, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०४४/०७/१७<br>पतिको नाम : श्याम कुमार कार्की<br>ससुराको नाम : गंगा बहादुर कार्की<br>ठेगाना : सिन्धुली जिल्ला, सितलपटी वडा नं. ९<br>हाल : सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ७ |
| | **धितोको विवरण** | |
| | प्रमिला प्रसाईको नाममा मालपोत कार्यालय कटारी, उदयपुरमा दर्ता श्रेष्ता कायम रहेको उदयपुर जिल्ला, कटारी वडा नं. २, नक्सा सिट नं. ५ घ स्थित कित्ता नं. ६०, ६२ र ५६६ को क्षेत्रफल क्रमशः ०-११-१७-०, ०-११-१४-० र ०-९-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| ३. | **नाम : सानी माझी**<br>ना.प्र.नं. २०१०५३/८५/४७३२, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६५/०३/०३)<br>पतिको नाम : सोम बहादुर तामाङ<br>ससुराको नाम : हिरा लाल तामाङ<br>ठेगाना : सिन्धुली जिल्ला, रानीवास वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १० | **नाम : हिरा लाल तामाङ**<br>ना.प्र.नं. ४६४७३१३५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४६/१०/२२<br>बाबुको नाम : माइत सिं तामाङ<br>बाजेको नाम : रत्न बहादुर तामाङ<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १० |
| | **धितोको विवरण** | |
| | हिरा लाल ताामाङको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेका महोत्तरी जिल्ला, खयरमारा वडा नं. ५, नक्सा सिट नं. ५ ख स्थित कित्ता नं. ४१९, ४१२, ४२० को क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-१-३.५-०, ०-०-८.७५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| ४. | **नाम : मो. मोजीनुर रहमान**<br>ना.प्र.नं. १७३०९६/१९७०, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/१९<br>बाबुको नाम : मो. ववन रहमान<br>बाजेको नाम : फंचकराम रहमान<br>ठेगाना : धनुषा जिल्ला, ढल्केबर वडा नं. ५ | **नाम : लाल बाबु प्र. गुप्ता**<br>ना.प्र.नं. १५३०१००/४१, जि.प्र.का. सिराहा<br>जारी मिति : २०६३/१२/०८<br>बाबुको नाम : राम नगीना प्र. गुप्ता<br>बाजेको नाम : मुनेश्वर साह<br>ठेगाना : सिराहा जिल्ला, महेशपुर वडा नं. ५<br>हाल : सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | मो. मोजिनुर रहमानको मालपोत कार्यालय सिराहामा नाममा श्रेष्ता दर्ता कायम रहेको सिराहा जिल्ला, फुलवरीया वडा नं. ३, नक्सा सिट नं. ३ क स्थित कित्ता नं. ३१४९, ३१५० र ३१६१ को क्षेत्रफल क्रमशः ०-०-३-०, ०-०-११-० र ०-०-१-२ (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



मधेश प्रदेश सरकार
**मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान**
**प्रादेशिक अस्पताल**
मधेश प्रदेश
जनकपुरधमा, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२।०१।१५

यस प्रतिष्ठान अन्तरगतको प्रादेशिक अस्पतालको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलको ठेक्काको लागि पेश भएका बोलपत्रहरुमध्ये इकाई दररेटमा मुल्याङ्कनबाट तपसिल वमोजिमका बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहरी उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरुको कार्यमा सहभागी सबै बोलपत्रदाताहरुको लागि ७ सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं | प्रकाशन मिति | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम | इकाई दररेटमा सबैभन्दा कम कबोल अंक (VAT बाहेक) |
|---|---|---|---|---|
| 1 | 28/10/2024 | MIHS/NCB/GOODS/2081-082/03, The procurement of supply and delivery of Aama Surakshya Karyakram Medicine and Surgical Goods | Aaditya International, janakpurdham-2 | 23,68,416.50 |
| 2 | | | Mediplus Pharma Distributors, Bharatpur-10, Chitwan | 18,68,683 |
| 3 | | | YUG MEDICINE Distributors, Janakpurdham | 575 |
| 4 | | | Om Multy City Surgicals, Birgunj-15 | 5,42,985 |
| 5 | | | Luv Medical Hall, Jaleshwar-4, Mahottari | 6,13,45 |
| 6 | | | Nikki pharma Distributer, Dharan | 20,07,005 |

(अस्पताल निर्देशक)

# भ्यानकुभर महोत्सवमा भीडमा चालकले गाडी हुइँक्याउँदा धेरैको मृत्यु

एएफपी

शनिबार क्यानाडाको भ्यानकुभर सहरमा एक सडक महोत्सवमा एक चालकले भीडमा गाडी हुइँक्याउँदा धेरै मानिस मारिएको प्रहरीले जनाएको छ।

अधिकारीहरूका अनुसार यो घटना शनिबार साँझ ८:०० बजे (आइतबार ०३०० जिएमटी) तिर भ्यानकुभरको सनसेट अन फ्रेजर छिमेकमा भएको थियो । त्यहाँ फिलिपिनो समुदायका सदस्यहरू लापु लापु दिवस मनाउन भेला भएका थिए।

सोह्रौँ शताब्दीका फिलिपिनो उपनिवेश विरोधी नेताको सम्झनामा मनाइने यो पर्व यस वर्ष क्यानाडाको निर्वाचनअघिको सप्ताहन्तमा परेको छ।

प्रधानमन्त्री मार्क कार्नीले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एक पोस्टमा उहाँ ' भयानक घटनाहरू' बाट ' निराश' भएको बताउनुभयो। "म मारिएका र घाइतेहरूका प्रियजनहरू, फिलिपिनो क्यानाडाली समुदाय र भ्यानकुभरका सबैलाई गहिरो समवेदना प्रकट गर्दछु", उहाँले



भन्नुभयो, "हामी सबै तपाईंसँग शोकमा छौँ।"

भ्यानकुभर प्रहरीका अनुसार धेरै मानिस मारिएका छन् र अन्य धेरै घाइते छन् । "चालक हिरासतमा छ", प्रहरीले एक्समा भन्यो । क्यानाडाली प्रसारक सिबिसीद्वारा प्रकाशित तस्बिरहरूले घटनास्थलमा आपत्कालीन कर्मचारीहरूका साथै शनिबार सुरुमा ब्लक पार्टीमा ठूलो भीड देखाएको छ।

महोत्सवका सुरक्षा गार्ड जेन इडाबा-कास्टानेटोले स्थानीय समाचार साइट भ्यानकुभर इज अवसमलाई 'जताततै शवहरू' देखेको बताउनुभयो । "यहाँ वा त्यहाँ कसलाई सहयोग गर्ने भन्ने तपाईंलाई थाहा छैन । यो निकै चकित पार्ने कुरा हो", उहाँले भन्नुभयो।

ब्रिटिस कोलम्बियाका प्रिमियर डेभिड इबीले समाचारबाट आफू 'स्तब्ध र हृदयविदारक' भएको बताउनुभयो । सहरका मेयर केन सिमले भन्नुभयो, "हाम्रा विचारहरू सबै प्रभावितहरू र यो अत्यन्तै कठिन समयमा भ्यानकुभरको फिलिपिनो समुदायसँग छन्।"

चुनावी मौसम

शनिबारको कार्यक्रममा परेड, फिल्म स्क्रिनिङ, नृत्य र कन्सर्ट समावेश थियो। आयोजकहरूद्वारा प्रकाशित लाइनअपमा ब्ल्याक आइड पिजका दुई सदस्य समावेश थिए । फिलिपिन्समा लापु लापु दिवस आदिवासी प्रमुख लापुलापुको सम्झनामा मनाइन्छ।

उनले सन् १५२१ मा पोर्चुगिज अन्वेषक फर्डिनान्ड मागेलनलाई युद्धमा पराजित गर्न आफ्ना मानिसहरूको नेतृत्व गरेका थिए।

क्यानाडाली नाथानियल वेल्टम्यानलाई सन् २०२१ मा ओन्टारियोको सडकमा आफ्नो ट्रक लिएर मुस्लिम परिवारलाई किचेर मारेको आरोपमा आजीवन कारावासको सजाय सुनाइएको एक वर्षपछि यो घातक घटना आएको हो।

वेल्टम्यानको मुद्दामा भएको फैसला क्यानाडामा हत्याको मुद्दामा श्वेत वर्चस्व र आतङ्कवादबीचको सम्बन्ध बनाउने पहिलो थियो।

क्यानाडालीहरू सोमबार मतदानमा जाँदैछन्।

निर्वाचनमा उम्मेदवारहरूले बढ्दो जीवन लागत र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कर समाधान लगायतका मुद्दाहरूमा मतदाताहरूलाई लोभ्याएका छन्। मतदाताहरूलाई वासिङ्टनको व्यापक भन्सार शुल्कको अवरोधको सामना गर्न सक्ने आश्वासन दिएपछि कार्नी जित्ने प्राथमिकतामा हुनुहुन्छ।

# रियल म्याड्रिडलाई दोहोरो घाटा, अप्ठेरोमा पर्न सक्छन् एन्टोनियो रुडिगर

काठमाण्डु । स्पेनिस क्लब रियल म्याड्रिडका लागि शनिबारको रात निराशाजनक रह्यो । एकातिर रियल म्याड्रिड कोपा डेल रे फुटबलको उपाधि भिडन्तमा चिरप्रतिद्वन्द्वी बार्सिलोनासँग पराजित भयो भने अर्कोतिर, रियलका एक खेलाडीले रेफ्रीसँग दुर्व्यवहार गरेको आरोपमा सजायसमेत भोग्नु परेको छ।

कोपा डेल रेको फाइनलको अन्त्यतिर रियल म्याड्रिडका खेलाडी एन्टोनियो रुडिगरले रेफ्रीमाथि दुर्व्यवहार गरेका थिए। ३२ वर्षीय सेन्टर-ब्याक रुडिगरले खेल सकिनुभन्दा ठिकअघि रेफ्री रिकार्डो डे बर्गसलाई टाढैबाट केही वस्तुले हिर्काएका थिए।

त्यसपछि उनलाई रातो कार्ड देखाउँदै मैदानबाट बाहिर निकालिएको थियो।

रेफ्री रिकार्डो बर्गसले आफ्नो प्रतिवेदनमा पनि आफूमाथि रियल म्याड्रिडका खेलाडी रुडिगरबाट दुर्व्यवहार



भएको उल्लेख गरेका छन्।

समाचारमा जनाइए अनुसार, रुडिगरले रेफ्री रिकार्डोलाई टाढैबाट बरफको टुक्राले प्रहार गरेका थिए। तर, बरफको त्यो टुक्रा रेफ्रीसँग भने ठोक्किएको थिएन। यो आरोपमा जर्मन खेलाडी रुडिगरमाथि केही खेलको प्रतिबन्ध लाग्न सक्ने बताइएको छ।

स्पेन फुटबल महासङ्घको अनुशासन समितिले पनि रुडिगरमाथि केही खेलको प्रतिबन्ध लाग्न सक्ने जनाएको छ। यदि नियम १०१ मा उल्लेख भए अनुसार, रुडिगरले रफ्रीमाथि आक्रमण गरेको प्रमाणित भएमा उनीमाथि चारदेखि १२ खेलसम्मको प्रतिबन्ध लाग्न सक्ने महासङ्घले जनाएको छ।

यदि, रुडिगरको अस्वाभाविक व्यवहार नियम १०४ को विपरीत देखिएमा उनीमाथि तीनदेखि ६ महिनासम्म प्रतिबन्ध लाग्न सक्ने पनि बताइएको छ।

# भारत र पाकिस्तानी सेनाबीच काश्मीरमा गोली हानाहान

एएफपी

आणविक-शक्ति सम्पन्न प्रतिद्वन्द्वीहरूबीचको सम्बन्ध वर्षौंदेखिको सबैभन्दा निम्न स्तरमा झरेको बेला पाकिस्तान र भारतका सेनाहरूले विवादित काश्मीरमा लगातार तेस्रो रातसम्म गोली हानाहान गरेको अधिकारीहरूले आइतबार बताएका छन्।

भारतले पाकिस्तानमाथि विवादित मुस्लिम बहुल काश्मीरमा एक चौथाइ शताब्दीदेखि नागरिकहरूमाथि भएको सबैभन्दा खराब आक्रमण गर्ने बन्दुकधारीहरूलाई 'सीमापार आतङ्कवाद' समर्थन गरेको आरोप लगाएको छ।

इस्लामाबादले कुनै पनि संलग्नतालाई अस्वीकार गरेको छ र पाकिस्तानलाई आक्रमणसँग जोड्ने प्रयासहरूलाई 'तुच्छ' भन्दै कुनै पनि भारतीय कार्यवाहीको जवाफ दिने प्रतिज्ञा गरेको छ।

भारतीय सुरक्षा बलहरूले अप्रिल २२ मा पहलगाममा पर्यटकीय स्थलमा २६ पुरुषको हत्या गर्नेहरूको ठूलो खोजी अभियान सुरु गरेका छन् र प्रहरीले फरार बन्दुकधारीहरू मध्ये दुई पाकिस्तानी नागरिकको नाम दिएको छ।

भारतीय सेनाले आइतबार दुई देशलाई विभाजन गर्ने नियन्त्रण रेखा




(एलओसी) मा 'पाकिस्तानद्वारा सुरू गरिएको' साना हतियारहरूको 'अनावश्यक' गोली हानाहान भएको जनाएको छ । (हाम्रा) आफ्नै सैनिकहरूले उपयुक्त साना हतियारहरूको गोलीबारीसहित प्रभावकारी ढङ्गले जवाफ दिए", भारतीय सेनाले भनेको छ।

पाकिस्तानले अहिलेसम्म पछिल्लो गोलीबारीको पुष्टि गरेको छैन।

आक्रमणपछि नयाँदिल्लीले पानी बाँडफाँट सन्धि स्थगित गरेको छ, पाकिस्तानसँगको मुख्य भूमि सीमा क्रसिङ बन्द गर्ने घोषणा गरेको छ, कूटनीतिक सम्बन्ध कम गरेको छ र पाकिस्तानीहरूका लागि भिसा फिर्ता लिएको छ।

जवाफमा इस्लामाबादले भारतीय कूटनीतिज्ञ र सैन्य सल्लाहकारहरूलाई निष्कासन गर्न आदेश दिएको छ, सिख तीर्थयात्रीहरू बाहेक भारतीय नागरिकहरूका लागि भिसा रद्द गरेको छ र आफ्नो तर्फबाट मुख्य सीमा क्रसिङ बन्द गरेको छ।

संयुक्त राष्ट्रसङ्घले कट्टर प्रतिद्वन्द्वी भारत र पाकिस्तानलाई 'अधिकतम संयम' देखाउन आग्रह गरेको छ ताकि मुद्दाहरू 'अर्थपूर्ण आपसी संलग्नताको माध्यमबाट शान्तिपूर्ण रूपमा समाधान गर्न सकियोस् '।

# जलवायु परिवर्तनले पाकिस्तानमा मलेरिया रोगमा वृद्धि

एएनआई

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र पाकिस्तानको राष्ट्रिय स्वास्थ्य सेवा मन्त्रालयले देशभर मलेरियाका मामिलाहरूमा तीव्र वृद्धिबारे चेतावनी दिएको डन समाचारले बताएको छ । उनीहरूले मलेरियाको यो वृद्धिलाई प्रत्यक्ष रूपमा जलवायु परिवर्तनको प्रभावसँग जोडेका छन्।

वार्षिक २० लाखभन्दा बढी सङ्क्रमित दर्ता भएपछि अधिकारीहरूले पाकिस्तान र व्यापक क्षेत्रका लागि बढ्दो खतरालाई नियन्त्रण गर्न तत्काल कडा कारबाही आवश्यक रहेको चेतावनी दिएका छन्।

विश्व मलेरिया दिवसको अवसरमा जारी गरिएको यो चेतावनीमा डब्लुएचओ र पाकिस्तानी अधिकारीहरू दुवैले रोगसँग लड्न सामूहिक प्रयासको आह्वान गरेका छन्।

"मलेरिया एक प्रमुख विश्वव्यापी खतरा हो र हामी प्रत्यक्ष रूपमा देखिरहेका छौँ कि जलवायु परिवर्तनले हाम्रो देशमा जोखिम र मामिलाहरू दुवै बढाइरहेको छ", सङ्घीय स्वास्थ्यमन्त्री सैयद मुस्तफा कमलले भन्नुभयो।

उहाँले मलेरियालाई अन्त्य गर्नु स्वास्थ्य प्राथमिकता मात्र नभई सबै देशका लागि सुरक्षित, स्वस्थ र अधिक समतामूलक भविष्यमा एउटा लगानी पनि



भएको जोड दिनुभयो।

'पुनः लगानी, पुनः कल्पना, पुनः प्रज्वलन' भन्ने अन्तर्राष्ट्रिय विषयवस्तुअन्तर्गत डब्लुएचओले सरकारहरू, सङ्गठनहरू र समुदायहरूलाई मलेरिया उन्मूलन प्रयासहरूका लागि समर्थन बढाउन आग्रह गरेको छ।

पाकिस्तानको मलेरियाविरुद्धको लडाइँ सन् २०२२ को विनाशकारी बाढीबाट गम्भीर रूपमा प्रभावित भएको थियो। उक्त बाढीले सन् २०२२-२०२४ अवधिमा थप ६६ लाख मामिला निम्त्याएको डनले बताएको छ।

सन् २०२१ मा रिपोर्ट गरिएको तीन लाख ९९ हजार ९७ को तुलनामा मामिलाहरू सन् २०२३ मा २७ लाखमा पुगेको थियो । परिणामस्वरूप डब्लुएचओको पूर्वी भूमध्य क्षेत्रमा मलेरियाका मामिलाहरू सन् २०२३ मा अनुमानित एक करोड दुई लाखमा वृद्धि भएको थियो। यो सन् २०१५ देखि एक सय ३७ प्रतिशत वृद्धि हो।

बढ्दो वृद्धिका बावजुद पाकिस्तानले विगत एक दशकमा मलेरियाको रोकथाम र उपचारमा उल्लेखनीय प्रगति गरेको छ।

डब्लुएचओसँग काम गर्दै र एड्स, क्षयरोग र मलेरियाविरुद्ध लड्न ग्लोबल कोषको सहयोगमा पाकिस्तानले सन् २०२४ मा मात्र एक करोड १४ लाखभन्दा बढी संदिग्ध मामिला जाँच गरेको छ र २० लाख पुष्टि भएका मलेरियाका बिरामीहरूको उपचार गरेको छ।

पाकिस्तानले २२ उच्च-भारित जिल्लामा ७८ लाख कीटनाशक-उपचारित जालीहरू पनि वितरण गरेको छ। यसले सन् २०२३ मा २७ लाखबाट गत वर्ष २० लाखमा मामिलाहरू घट्नमा योगदान पुर्याएको थियो।

"मलेरियाको रोकथाम र उपचार गरेर जीवन बचाउन पाकिस्तानसँग साझेदारी गर्न पाउँदा डब्लुएचओ गर्व गर्दछ", पाकिस्तानमा डब्लुएचओका प्रतिनिधि डापेङ लुओले भन्नुभयो।

यद्यपि उहाँले जलवायु परिवर्तनले कडा परिश्रमबाट प्राप्त लाभलाई कमजोर बनाउँदै पाकिस्तानका लागि मात्र नभई सम्पूर्ण क्षेत्रका लागि खतरा निम्त्याइरहेको चेतावनी दिनुभयो।

"मलेरियालाई कसरी अन्त्य गर्ने भन्ने हामीलाई थाहा छ।

यदि सबै सरोकारवालाहरूले लगानी गर्छन् र प्रतिक्रियालाई सुदृढ गर्न र जलवायु परिवर्तनले निम्त्याएको नयाँ जोखिमहरूसँग अनुकूलन गर्न एकसाथ काम गर्छन् भने हामी यो गर्न सक्छौँ", उहाँले भन्नुभयो।

असी स्थानीय जिल्लामा पाँच हजार पाँच सय ७५ चिकित्सा सुविधाबाट सङ्कलन गरिएको तथ्याङ्कले बढ्दो तापक्रम र बारम्बार बाढीसँग सम्बन्धित मलेरियाका मामिलाहरूमा स्पष्ट वृद्धि भएको प्रवृत्ति देखाउँछ।

अन्य योगदान कारकहरूमा गहिरिँदो गरिबी, गुणस्तरीय निदान र उपचारमा सीमित पहुँच, बलुचिस्तान, आदिवासी क्षेत्र र खैबर पख्तुनख्वामा सुरक्षा चुनौतीहरूका साथै सिन्धका केही भागमा स्वास्थ्य सेवामा पहुँचको कमी समावेश छन्।

मलेरिया नियन्त्रण प्रयासहरू प्रभावकारी साबित भए पनि विशेषज्ञहरूले जलवायु परिवर्तनको प्रभावहरू पार गर्न, जीवन रक्षा गर्न र पाकिस्तानको स्वस्थ भविष्य सुरक्षित गर्न दिगो र समन्वित कार्य महत्त्वपूर्ण हुने कुरामा जोड दिएका छन्।

# इरानको विशाल बन्दरगाहमा विस्फोट, १८ जनाको मृत्यु, आगलागी जारी

एएफपी

इरानको सबैभन्दा ठूलो व्यापारिक बन्दरगाहमा भएको विशाल विस्फोटपछि कम्तीमा १८ जनाको मृत्यु र अन्य आठ सय जना घाइते भएको एक दिनपछि आइतबार आगो अझै लागिरहेको सरकारी सञ्चार माध्यमले जनाएको छ।

विश्वको तेल उत्पादनको पाँचौं भाग हुने होर्मुज जलडमरुमध्य नजिकै दक्षिणी इरानको शहीद रजाई बन्दरगाहमा शनिबार विस्फोट भएको थियो।

बन्दरगाहको भन्सार कार्यालयले राज्य टेलिभिजनद्वारा प्रसारित विज्ञप्तिमा विस्फोट सम्भवतः खतरनाक र रासायनिक सामग्री भण्डारण डिपोमा लागेको आगोबाट भएको बताएको छ।

सुरक्षा मामिलामा छलफल गर्न नाम नछाप्ने सर्तमा न्युयोर्क टाइम्सले इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्ससँग सम्बन्ध राख्ने एक व्यक्तिलाई उद्धृत गर्दै मिसाइलका लागि ठोस इन्धनको एक



प्रमुख सामग्री सोडियम पर्क्लोरेटका कारण विस्फोट भएको बताएको छ।

इरानी राज्य टेलिभिजनले आइतबार १८ जना मारिएको र आठ सय घाइते भएको अद्यावधिक तथ्याङ्क दिएको छ । घटनास्थलबाट लाइभ फुटेजमा अझै पनि बाक्लो कालो धुवाँ देखिन्छ।

चीनको सरकारी प्रसारक सिसिटिभीले बन्दर अब्बास वाणिज्य दूतावासलाई उद्धृत गर्दै तीन चिनियाँ नागरिक 'हल्का घाइते' भएको बताएको छ।

फार्स न्युज एजेन्सीका अनुसार विस्फोट यति शक्तिशाली थियो कि यो लगभग ५० किलोमिटर (३० माइल) टाढाबाट महसुस र सुनिएको थियो।

इरनाका तस्बिरहरूले तेहरानबाट एक हजार किलोमिटर दक्षिणमा रहेको शाहिद रजाईमा भएको विस्फोटपछि भग्नावशेषले ढाकिएको फराकिलो मार्गमा हिँडिरहेका उद्धारकर्ताहरू र बाँचेका व्यक्तिहरू देखाइएको छ।

ज्वालाले एउटा ट्रक ट्रेलरलाई घेरेको थियो र रगतले कुच्चिएको कारको छेउमा दाग लागेको थियो भने एउटा हेलिकप्टरले थुप्रिएका शिपिङ कन्टेनरहरूको पछाडिबाट बाक्लो कालो धुवाँका बादलहरूमा पानी खसालिरहेको थियो।

स्थानीय आपत्कालीन सेवाहरूलाई उद्धृत गर्दै सरकारी टेलिभिजनले 'सयौँलाई नजिकका मेडिकल सेन्टरहरूमा स्थानान्तरण गरिएको' बताएको छ भने प्रान्तीय रक्त प्रतिस्थापन केन्द्रले दानका लागि आह्वान गरेको छ।

# रूसद्वारा युक्रेनमा १५० ड्रोन प्रहार, ट्रम्पले पुटिनको 'शान्ति प्रस्ताव'मा उठाए प्रश्न

एपी

रूसले शनिबार राति युक्रेनका विभिन्न क्षेत्रमा एकसाथ लगभग १५० ड्रोन प्रहार गरेको युक्रेनी अधिकारीहरूले जानकारी दिएका छन्। युक्रेनी वायु सेनाका अनुसार तीमध्ये ५७ ड्रोन खसालिएका थिए भने ६७ ड्रोनहरू इलेक्ट्रोनिक रूपमा निष्क्रिय पारिएको थियो।

ड्रोन आक्रमणका क्रममा डिनिप्रोपेट्रोभ्स्क क्षेत्रको पाभ्लोह्राड शहरमा एक व्यक्तिको ज्यान गएको छ भने १४ वर्षीया एक किशोरी घाइते भएकी छन् । यस्तै, ओडेसा र झिटोमिर क्षेत्रमा पनि आक्रमणका कारण दुई जना घाइते भएका छन् । खेरसोन शहरमा भएको रूसी हवाई आक्रमणमा थप चार जना नागरिक घाइते भएको जानकारी प्राप्त भएको छ।

रूसको रक्षा मन्त्रालयले युक्रेनी सेनाबाट ब्रायान्स्क सीमा क्षेत्र र क्राइमिया क्षेत्रमा गरिएको ड्रोन आक्रमणलाई विफल तुल्याइएको दाबी गरेको छ। डोनेत्स्क क्षेत्रको होर्लिभका शहरमा युक्रेनी तोपखानाबाट भएको आक्रमणमा पाँच जना घाइते भएको रूसी मेयरले बताउनुभएको छ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपति पुटिनले 'युद्ध अन्त्य गर्ने चाहना राख्दैनन्' भन्ने धारणा व्यक्त गर्नुभयो। उहाँले सामाजिक सञ्जालमा लेख्दै भन्नुभयो, "पछिल्ला दिनहरूमा रूसी सेनाबाट नागरिक क्षेत्रमा प्रहार हुनु अत्यन्तै दुर्भाग्यपूर्ण विषय हो।"

भ्याटिकनमा आयोजित पोप फ्रान्सिसको अन्त्येष्टि कार्यक्रममा सहभागी भई स्वदेश फर्कंदै गर्दा ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग छोटो कुराकानी गर्नुभएका थिए । यो कुराकानी उहाँहरूबीचको पछिल्लो समयको पहिलो प्रत्यक्ष भेटघाट हो।

क्रेमलिनका एक वरिष्ठ अधिकारीले युक्रेन युद्धको समाधान दीर्घकालीन प्रक्रिया अन्तर्गत अघि बढ्ने बताउँदै वार्ता प्रक्रियामा गहिरो समय लाग्न सक्ने सङ्केत गर्नुभयो । उता राष्ट्रपति जेलेन्स्कीले रूस शान्तिका लागि प्रतिबद्ध नभई केवल युद्धविरामको भ्रम सिर्जना गर्न खोजिरहेको आरोप लगाउनुभएको छ। रासस

# पोखरामा तीन खानेपानी आयोजना एकसाथ निर्माण हुँदै

गण्डकी । कास्कीको पोखरा महानगरपालिका-११, २१ र ३३ मा तीन ठूला खानेपानी आयोजना निर्माण हुने भएका छन् ।

पोखरा-११ मा जलवायु अनुकूलित बृहत् आयोजनाअन्तर्गत काँहुधरहरा खानेपानी आयोजना, पोखरा-२१ र ३३ लाई समेट्ने गरी केन्द्रीय खानेपानी आयोजनाअन्तर्गत बृहत् भरतपोखरी-निर्मलपोखरी-कृष्ती खानेपानी आयोजना र मट्टीखान खानेपानी आयोजना निर्माणका लागि प्रक्रिया अगाडि बढेको हो । आयोजना निर्माण, सञ्चालन र कार्यान्वयन गर्न सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना पोखराका आयोजना प्रमुख पदमबहादुर कुँवर क्षेत्री, पोखरा महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईँ र तीनवटै खानेपानी आयोजनाका अध्यक्षले बिहीबार त्रिपक्षीय समभ्कदारी गरेका थिए ।



लागत साझेदारीमा बन्ने ती आयोजनामार्फत काहुँडाँडा, कृष्ती, भरतपोखरी, निर्मलपोखरी, मट्टीखानलगायतक्षेत्रमाखानेपानीकोसहज सेवा पुग्ने छ । बृहत् भरतपोखरी-निर्मलपोखरी-कृस्ती खानेपानी आयोजना निर्माणका लागि रु ५१ करोड ७७ लाख ७६ हजार कुल लागतमध्ये पहिलो चरणमा अर्थ मन्त्रालयबाट रु २८ करोड ४९ लाख ९१ हजार स्रोत सुनिश्चित भई कार्यान्वयनको चरणमा रहेको जनाइएको छ ।

काँहुधरहरा खानेपानी आयोजनाका लागि रु ४९ करोड १७ लाख मध्ये रु २१ करोड छ लाख २४ हजार र मट्टीखान खानेपानी आयोजनाको रु २८ करोड ५४ लाख ६५ हजारमध्ये रु १९ करोड ७६ लाख ४१ हजार अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरेको छ । समझदारीअनुसार स्रोत सुनिश्चित भई कार्यान्वयनमा गइसकेपछि चालु आवमा पोखरा महानगरपालिकाले कुल लागतको १० प्रतिशत रकम बेहोर्ने छ । तीनवटै परियोजनाको कुल लागत रु एक अर्ब २९ करोड ४९ लाख ५८ हजार लाग्ने अनुमान छ । परियोजनाको कुल लागतको ९० प्रतिशत सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले खर्च गर्ने जनाइएको छ ।

बृहत् भरतपोखरी-निर्मलपोखरी-कृस्ती खानेपानी आयोजनाअन्तर्गत पोखरेल थोकमा निर्माणाधीन अत्याधुनिक पानी प्रशोधन केन्द्रमा पानी सङ्कलन तथा प्रशोधन गरी १७ किमी सिमलेससहित ३५ किमी पाइपमार्फत उपोक्ताको घरघरमा पानी पुऱ्याइने आयोजना प्रमुख क्षेत्रीले बताउनुभयो । उक्त आयोजनाबाट करिब २४ सय घरपरिवार लाभान्वित हुने उपभोक्ता समितिका अध्यक्ष दाताराम आचार्यले जानकारी दिनुभयो ।

उक्त आयोजनामा दुई सय, एक सय, ७५, ५० र २० घन मिटरका ११ पानी ट्याङ्की निर्माण हुनेछन् । यस्तै काँहुधरहरा खानेपानी आयोजनामा काँहुमा प्रशोधन केन्द्र निर्माण गरी १७ किमी पाइप लाइनमार्फत उपभोक्ताको घरघरमा पानी पुऱ्याइने छ । करिब एक हजार ५०० घरपरिवार लाभान्वित हुने यो आयोजनाअन्तर्गत तीन सय घनमिटरको एक र एक सय घनमिटरका दुईवटा ट्याङ्की निर्माण गरिने छ ।

मट्टीखान खानेपानी आयोजनाअन्तर्गत सेतीखोलाबाट पानी पम्पिङ गरी स्याङ्जाको फेदीखोला गाउँपालिकाको नुवाकोटमा पानी सङ्कलन गरी मट्टीखान क्षेत्रमा वितरण गरिने छ । यस आयोजनामा ३५ किमी पानीको पाइप लाइन विस्तार हुने छ । विभिन्न ठाउँमा एक सय ५० र ३५ घनमिटर क्षमताका आठवटा पानी ट्याङ्कीमार्फत आयोजनाले एक हजार २०० घरपरिवारलाई पानी वितरण गर्ने छ ।

चालु आर्थिक वर्षबाटै योजना सञ्चालन गर्नेगरी सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले गत फागुनमा बोलपत्रसमेत आह्वान गरिसकेको छ । तीनवटै आयोजना सम्पन्न भएपछि पाँच हजार घरपरिवार प्रत्यक्ष रूपमा लाभान्वित हुने जनाइएको छ । आयोजना कार्यान्वयन भएको मितिले ३० महिनाभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको छ । 'एक घर, एक धारा' लक्ष्यअनुसार यी आयोजना निर्माण हुन लागेका हुन् ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नगरवासीलाई आधारभूत खानेपानीको उपलब्धताका लागि महानगर लागिपरेको बताउनुभयो । महानगर क्षेत्रमा सङ्घ, प्रदेश र महानगरस्तरीय विभिन्न आयोजना सञ्चालन भइरहेको उहाँले भनाइ छ ।

"पोखरा महानगरपालिकाको भूगोल विविधतायुक्त छ, यहाँ समथर मैदानदेखि अग्ला पहाडी भेग छन्, सबै स्थानमा खानेपानीको सहज उपलब्धता हुन नसकिरहेका बेला यी आयोजना सञ्चालन गर्ने चरणमा हामी आइपुगेका छौँ", उहाँले भन्नुभयो, "ठूलो लगानीका आयोजनामा जनसहभागिता जुटाउन निकै कठिन छ, तसर्थ नागरिकको संवैधानिक अधिकारको प्रत्याभूतिका लागि पनि यसको दायित्व महानगरपालिकाले लिनुपर्छ ।रासस

# सूर्यज्योतिले मनाएको वार्षिकोत्सवमा कर्मचारी सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्यज्योति लाइफ इन्स्योरेन्सले १७औँ वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सव समारोहमा १५ वर्षभन्दा बढी अवधि सेवा गर्ने २१ जना कर्मचारी सम्मानित भएका छन् ।



वार्षिकोत्सव समारोहमा कम्पनीका अध्यक्ष, सञ्चालकहरू, निवर्तमान सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापनलगायत विभागीय प्रमुखहरू र कर्मचारीहरूको उपस्थिति थियो ।

सो अवसरमा प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले १७ वर्षको सफल यात्रामा कम्पनीको बलियो वित्तीय अवस्था, विश्वसनीयता र हासिल गरेका सूचकांकहरूको उन्नति र उत्कृष्टताका लागि आभार प्रकट गर्दै सदैव कम्पनीले अवलम्वन गरेका नविनतम प्रबिधि, समय सापेक्ष ग्राहकमैत्री सेवाहरूप्रति प्रतिबद्ध रहने बताए । उनले आगामी दिनहरूमा पनि कम्पनीको गरिमा र साख वृद्धि गर्दै अझ बृहत र अझ विशाल बनाउने यात्रामा निरन्तर अघि बढ्ने प्रण गरे । कर्मचारीहरूको हकहित, सीप तथा व्यक्तित्व विकास नै कम्पनीको प्रमुख प्राथमिकतामा रहेको र सूर्यज्योतिमा कर्मचारीहरूले एउटा पारिवारिक वातावरणको अनुभव गर्न पाउने उनको भनाइ थियो ।

साथै कम्पनीको आर्थिक प्रगति, दीर्घकालीन योजनाहरू, नवीनतम सेवामा विस्तार गर्ने, कम्पनीको सेवा गुणस्तरलाई अझ सुधार गर्दै ग्राहकहरूको जीवनमा सुरक्षाको प्रत्याभूति दिलाउने प्रतिबद्धता प्रमुख कार्यकारी अधिकृत खत्रीले बताए । कम्पनीले यो आर्थिक वर्ष २०८१/८२ अन्त्य सम्ममा हालसम्मकै उत्कृष्ट व्यवसाय गरी इतिहास रच्ने लक्ष्य लिएको खत्रीले प्रस्ट पारे ।

यसका साथै, उक्त अवसरमा कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराईले भने, 'उपलब्धिमूलक यस यात्रामा हामीलाई विश्वास गरी अटुट सम्बन्ध राख्ने आदरणीय ग्राहकवर्ग,अविरल साथ दिनुहुने आदरणीय अभिकर्ताहरू, अहोरात्र खट्नुहुने कर्मचारीहरू, निरन्तर विश्वास गरि हातेमालो गर्नुहुने शेयरधनी महानुभावहरू, सदैव मार्गनिर्देश गर्नुहुने नियमनकारी निकायहरू, व्यवसायिक साझेदारहरूलगायत सम्पूर्ण सरोकारवालाहरूमा यहाँहरूले दिनु भएको साथ र योगदानका लागि कृतज्ञताका साथ धन्यवाद ज्ञापन व्यक्त गर्दछु ।'

सञ्चालक समिति सदैव संस्थागत सुशासन,स्वच्छ व्यवस्थापन कार्यशैली र नीतिनियमको परिधिभित्र रही अघि बढेकोमा आगामी दिनहरूमा झन् बलियो रुपमा यसको अवलम्बन गर्नेमा ढुक्क रहेको सञ्चालक समिति सदैव संस्थागत सुशासन,स्वच्छ व्यवस्थापन कार्यशैली र नीतिनियमको परिधि भित्र रही अघि बढेकोमा आगामी दिनहरूमा झन् बलियो रुपमा यसको अवलम्बन गर्नेमा ढुक्क रहेको साथै कर्मचारीहरूको वृत्ति विकासका लागि पनि प्रतिबद्ध रहेको अध्यक्ष भट्टराईले बताए ।

कम्पनीले नविनतम प्रविधिमा जोड दिदै तथा समय सापेक्ष उत्कृष्ट सेवा पस्कदै भर्खरै जीवन बीमा क्षेत्रमा नेपालकै पहिलो अनलाइनमार्फत सजिलै लोन लिन सकिने सूर्यज्योति ई-कर्जा र आफ्ना बीमित तथा अभिकर्ताहरूको हितलाई मध्यनजर गर्दै सूर्यज्योति केयर्स डिजिटल कार्डको सेवा सुभारम्भ गरिसकेको छ ।

बीमा क्षेत्रमा नेपालकै पहिलो आईएसओ ९००१-२०१५ प्राप्त गर्ने एक मात्र जीवन बीमा कम्पनी सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको हाल चुक्ता पुँजी रु. ५०१ करोड, कुल लगानी रु. ४,४०० करोड, जीवन बीमा कोष रु. ३,९४० करोड, नेटवर्थ रु. ६३० करोड, जारी बीमालेख संख्या ३२ लाख ७५ हजार ४७९, प्रशिक्षित अभिकर्ता संख्या १ लाख २ हजार २ सय ४० रहेको छ भने देशभर रहेका १७४ शाखा सञ्जालद्वारा सेवा प्रदान गरिरहेकोछ । रासस


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०१/१५ गते सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक लि.बाट तपशिलमा उल्लेखित ऋणीले बिभिन्न कर्जा शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको हुंदा यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि **मिति २०८०/०३/०७ गते बिहिबारको कारोबार राष्ट्रिय** दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले **मिति २०८०/०६/१५ गते** सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय,जनकपुर मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् **मिति २०८२/०१/२२ गते सोमबार** (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, जनकपुर मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । पुनश्च: यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणी :** प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्तहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७ माघ २२ मा प्रा.फ.र.नं. ७२४७/८१८/०७७/०७८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषा, करदाता सेवा कार्यालय बर्दिबास महोत्तरीबाट मिति २०७७/१०/२५ (मु.अ.क. दर्ता मिति २०७७/१०/२५) मा करदताको नाम रामजिवन महत्तो कारोवारको नाम **आदित्य इन्टरप्राइजेज भई** स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६१५०७९५४१ को प्रमाणपत्र प्राप्त **आदित्य इन्टरप्राइजेज ।**<br>रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा.वडा नं. १२, जुडि टोल ।। | **प्रोप्राइटर तथा जमानतकर्ता : रामजिवन महतो**<br>(ना.प्र.नं.१८३०६३/२२३ जारी मिति २०६३/१०/१७, जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. १२ ।<br>बाबु : बासुदेव महतो ।<br>बाजे : लालचन महतो । |
| **जमानतकर्ता : वेचन महतो**<br>(ना.प्र.नं.१८२६३०६७ जारी मिति २०५४/१०/२३, जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. १ ।<br>(हाल बर्दिबास न.पा. वडा नं. १२) ।<br>बाबु : बासुदेव महतो ।बाजे : लालचन महतो । | **जमानतकर्ता : सुरेन्द्र महतो**<br>(ना.प्र.नं. १८२६३०६८ जारी मिति २०५४/१०/२३, जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना: महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. १ ।<br>(हाल बर्दिबास न.पा. वडा नं. १२) ।<br>बाबु : बासुदेव महतो । बाजे : लालचन महतो । |
| **जमानतकर्ता : सुमित्रा कुमारी**<br>(ना.प्र.नं.१८३०६३/९०४ जारी मिति २०६३/१०/२७, जारी गर्ने कार्यालय जि.प्र.का.महोत्तरी) ।<br>ठेगाना: महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. ५ ।<br>(हाल बर्दिबास न.पा. वडा नं. १३ ) ।<br>पति : रामजिवन महतो । बाबु : शिव नारायण महतो ।<br>ससुरा : बासुदेव महतो । | **जमानतकर्ता : राम कुमारी देवी**<br>(ना.प्र.नं.१८३०६३/१८३ जारी मिति २०६३/१०/१७, जि.प्र.का.महोत्तरी)<br>ठेगाना : महोत्तरी जिल्ला विजलपुरा गा.वि.स. वडा नं. १ ।<br>(हाल बर्दिबास न.पा. वडा नं. १२ ) ।<br>पति : बेचन महतो ।<br>बाबु : नथुनि महतो ।<br>ससुरा : बासुदेव महतो । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. बेचन महतोको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला बिजलपुरा गा.बि.स.वडा नं.१ नक्सा सिट नं. १घ स्थित कि.नं. १४२ र १७५ को क्षेत्रफल १-३-१५-० र ०-०-१५-० (बिघा) घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ।
२. ऋणी आदित्य इन्टरप्राइजेजको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरबाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८



## Invitation for Bids

# Madhesh Province Government
## Ministry of Health and population
## Province Health Logistic Management Center

**Date of publication: 28th March 2025**

## Invitation for Bids No: MP/PHLMC/NCB/GOODS-27/2081-82

1. The Ministry of Health and population, Province Health logistic Management Center invites electronic bids from eligible bidders for The Procurement and Supply of Medicine For Basic and Emergency Service and under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Madhesh Pradesh, Dhanusha, E-mail: phlmc.province2@gmail.com, or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. A Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Rastriya Banijya Bank Limited
**Name of Office:** Province Health Logistic Management Center
**Office Code no.:** 3500717012
**Office Account no.:** 1000100200010000
Rajaswa (revenue) **Shirshak no.:** 14229
**Dharauti A/C no.:** 1220100202030000
**Bid Fee:** NRs. 5000/-

5. Pre-bid meeting shall be held at Province Health Logistic Management Center at 02:00PM, 16th May 2025
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 28th May 2025. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00PM on 28th May 2025 at the office of Province Health Logistic Management Center. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 550000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**(नोट**: मिति २०८१/०१/१४ गतेको राष्ट्रिय दैनिक नेपाल समाचार पत्रिकामा ठेक्का नं.MP/PHLMC/NCB/GOODS-26/2081-082 को सुचना प्रकाशन भएकोमा सो सुचनामा भूलवस The Procurement and Supply of Free Essential Medicines. हुनु पर्नेमा अन्याथा हुन गएकोमा सच्याईएको व्यहोरा सबैलाई जानकारी यसै सुचना मार्फत गराईन्छ ।)

**Director**

# कांग्रेसका सहमहामन्त्रीको छोराको तस्वीर र नाम सार्वजनिक गर्न लिङ्देनलाई चुनौती

टुडे समाचारदाता



जनकपुरधाम । नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादवले भाटभटेनी लुटपाटमा संलग्न छोराको नाम र तस्वीर सार्वजनिक गर्न राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई चुनौती दिएका छन् ।

जनकपुरधाममा आइतबार जिल्ला पार्टी कार्यालयमा पत्रकार सम्मेलनमार्फत पूर्वमन्त्री समेत रहेका सहमहामन्त्री यादवले आफू र आफ्नो पार्टीको बदनाम गर्ने नियतले लिङ्देनले लगाएको आरोप निराधार रहेको भन्दै सो आरोप पुष्टि गर्न चुनौतीसमेत दिए । यदि नाम र फोटो सार्वजनिक नगरेमा उनले कानुनी उपचार खोज्नेसमते चेतावनी दिए ।

उनले भने, 'चैत १५ गते भाटभटेनी लुटपाटमा कुन सहमहामन्त्रीको छोरा थियो ? तस्वीर सार्वजनिक गर्नुस । होइन भने हामी सहमहान्त्रीहरु तपाई विरुद्ध अदालत जान्छौं ।'

गएको शुक्रबार राप्रपा अध्यक्ष लिङ्देनले प्रतिनिधिसभामा आफ्नो धारणा राख्दै भाटभटेनीमा कांग्रेसका सहमहामन्त्रीको छोरा पनि पक्राउ परेको दाबी गरेका थिए । गृहमन्त्रीको ठाडो आदेशमा सहमहामन्त्रीका छोरालाई तत्काल छाडेको भनेर प्रतिनिधिसभामा बताएका थिए । उनले राखेको अभिव्यक्तिको केही बेर नबित्दै केही मिडियाहरुले सहमहामन्त्री यादवको छोरा मुकेश यादव पनि भाटभटेनी लुटपाटमा पक्राउ परेको भनेर खबर प्रकाशित गरेका थिए ।

सहमहामन्त्री यादवले भने, 'नेता यादवको दुई छोरा मात्र छन् । डा. आकाश यादव र डा. विकास यादव ।

मानसिक तनाव र यसले गर्दा आफ्नो चरित्र हत्या भएको भन्दै सहमहामन्त्री यादवले लिङ्दने विरुद्ध अदालत जाने जानेछौं ।' उनले प्रतिनिधिसभामा गलत सूचना दिएर प्रतिनिधिसभा र जनतालाई भ्रमित गर्ने प्रयास गरेको उनले बताए ।

दुनियामा कतै नरहेको आदर्श र एजेण्डा लिएर राप्रपाले जनतालाई भ्रमित पार्न खोजेको आरोप उनले लगाए ।

लिङ्देनको अभिव्यक्ति विरुद्ध नेपाली कांग्रेसले मधेश प्रदेशका आठै जिल्लामा आइतबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । यसअघि उनको विरोधमा धनुषाका कांग्रेसका नेता तथा कार्यकर्ताले शनिबार मात्र जनकपुरधाम-महेन्द्रनगर सडकखण्डको लक्ष्मीनियाँ बजार स्थित चक्काजाम गरेर लिङ्देनको पुतला दहन गरेका थिए ।

# उप-कुलपति महतो र रजिष्ट्रार ठाकुर निरन्तरता

टुडे समाचारदाता

राजविराज । मधेश कृषि विश्वविद्यालयका उप-कुलपति डा. वैद्यनाथ महतो र रजिष्ट्रार भगवान ठाकुरलाई पदमुक्त नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ ।




उप-कुलपति महतो र रजिष्ट्रार ठाकुरलाई पदमुक्त गर्न मधेश प्रदेश सरकारले विश्व विद्यालय सभावाट निर्णय गरेपछि दुवै जना सर्वोच्च अदालतवाट अल्पकालीन अन्तरिम आदेश लिएर कृषि विश्वविद्यालय नियमित सञ्चालन प्रक्रियामा आएको थियो । अल्पकालीन अन्तरिम आदेश जारी गर्दा सर्वोच्च अदालतले दुवै पक्षलाई छलफलको लागि आज बोलाएर ती अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको छ । सर्वोच्चको फौसला पछि दुवै जना मुद्दाको अन्तिम टुंगो नलागेसम्म पूर्ववत काम कारबाही गर्ने छन् ।

मुख्यमन्त्री सतीश कुमार सिंहको नेतृत्वमा रहेको प्रदेश सरकारले छानबिनको नाममा मधेश कृषि विश्वविद्यालयबाट एकाएक हटाइएको थियो । फलस्वरु फागुन २० गते बसेको विश्वविद्यालय सभाले उपकुलपति डा. महतो र रजिष्ट्रार ठाकुरलाई पदमुक्त गर्ने निर्णय गरेको थियो ।

गत फागुन २० गतेको निर्णय अनुसार २२ गते सरकारले दुबैजनालाई पदमुक्त भएको परिपत्र गरेपछि डा. महतो र रजिष्ट्रार ठाकुरले सरकारको निर्णय विरुद्ध अदालतमा रिट दायर गरेका थिए । सो रिटमा सुनुवाई गर्दै अदालतका न्यायाधिश बालकृष्ण ढकालको इजलासले मधेश सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालिन अन्तरिम आदेश जारी गरेको थियो ।

इजलासले बर्खास्त गर्नुको कारणसहित छलफलको लागि चैत्र १२ गते बोलाएको थियो तर ती पेसी सर्दासर्दै आज फैसला आएको छ ।

डा.महतो र ठाकुरले मधेश कृषि विश्वविद्यालयमा अनियमितता भएको भन्दै प्रदेश शिक्षा मन्त्रालयद्वारा गठित छानविन समितिका अध्यक्ष एवं प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साह सहित १३ जनालाई प्रतिवादी बनाउदै सर्वोच्चमा रिट दायर गरेको थियो ।

जनमत पार्टीको नेतृत्वमा सरकार गठन भए लगतै कृषि विश्वविद्यालयमा अनियमितता भएको भन्दै छानबिन समिति गठन गर्नुको साथै पदाधिकारीहरुको अधिकार कटौती गरी सम्पूर्ण आर्थिक गतिविधि नै बन्देज गरेको थियो

प्रदेश सरकारले विश्वविद्यालयको बजेट १० लाख रुपैयाँ मात्र राखेको भन्दै सर्वत्र आलोचना समेत भएको थियो । सोही आलोचनाको बीच प्रदेश सरकारले महतो र ठाकुरलाई निलम्बित गरेको थियो ।

# मालबाहक ट्रक एक आपसमा ठोक्किएर आगलागी



टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिका-६ स्थित मालटोल चोकमा दुईवटा ट्रक एक आपसमा ठोक्किएर दुर्घटना भएको छ ।

पूर्व-पश्चिम राजमार्गमा आईतबार विहान पूर्वतर्फ गइरहेको प्र.०२.०३.००१ख ०७१५ नम्बरको ट्रक विपरीत दिशाबाट आइरहेको ना ६ ख ३४६३ नम्बर को ट्रकसंग ठोक्किएको थियो ।

ट्रक ठोक्किनासाथ ना ६ ख ३४६३ नम्बर को ट्रकमा आगोलागेको छ भने दुबै ट्रकका चालक र सह चालक घाइते भएका छन् । घाइते चालक र सहचालकलाई उपचारका लागि जिल्ला प्रहरी कार्यालय धनुषामा राखिएको जानकारी दिएको छ ।

आगलागी हुँदा ट्रक पूर्णरुपमा जलेको छ । अहिले धनुषा प्रहरी र वारुण यन्त्रको प्रयोग गरी आगो निभाउने काम जारी रहेको धनुषा प्रहरीले जनाएको छ ।

# राजस्व चुहावट गरेको आरोपमा गुप्तामाथि मुद्दा दायर

टुडे समाचारदाता

जनकपुरधाम । श्याम वस्त्रालयका प्रोप्राइटर श्यामप्रसाद गुप्ताविरुद्ध राजस्व चुहावटको आरोपमा राजस्व अनुसन्धान विभागले उच्च अदालत जनकपुर-राजविराज इजलासमा मुद्दा दायर गरेको छ ।

भारतीय कपडा चोरी पैठारी गरी राजस्व चुहावट गरेको अभियोगमा गुप्ताविरुद्ध आइतबार कार्य सम्पन्न गरी आइतबार अभियोगपत्र दायर गरिएको छ ।

सिराहाको लहान नगरपालिका- ८ स्थित श्याम वस्त्रालयमा खानतलासी गर्दा गुप्ताले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को खण्ड (क), (ख) र (झ) बमोजिमको कसुर गरेको पुष्टि भएको थियो ।




अभियोगपत्र दायर गरिएको विभागकी उपमहानिर्देशक एव प्रवक्ता कृष्णकुमारी श्रेष्ठले जनाएकी छन् ।

उनले दिएको जानकारी अनुसार राजस्व अनुसन्धान कार्यालय, इटहरी, सुनसरीमार्फत अनुसन्धान आयोगले गुप्ताविरुद्ध १० करोड ६८ लाख ५५ हजार ७९५ रुपैयाँ बिगो कायम गरेको छ । उक्त बिगो असुल उपर गरी बिगोको सतप्रतिशत जरिवानासमेत गरी कुल २१ करोड ३७ लाख ११ हजार ५९० रुपैयाँ असुलउपरको मागदाबी गरिएको छ ।

# छुट्टाछुट्टै आगोलागी लाखौंको क्षति



टुडे समाचारदाता

रौतहट । रौतहटको छुट्टाछुट्टै तीन ठाउँमा भएको आगलागी बाट लाखौंको धनमाल जलेर नष्ट भएको छ ।

जिल्लाको गौर, गरुडा र फतुवा बिजयपुर नगरपालिका अन्तर्गत शनिवार राति भएको आगलागी बाट लाखौंको क्षती भएको हो ।

गरुडा- ६ स्थित पोठियाही बस्ने बिगन साहको टालीको छानो भएको पराल, भुष र दाउरा राखिएको कच्ची घरमा गएराति पौने ९ बजे अचानक आगोलागी भएको थियो ।

आगोलागीबाट मानवीय चौपाया क्षति नभएको घर भित्र राखिएको पराल, भुष र दाउरा पूर्णरुपमा जली १ लाख, ५० हजार बराबरको क्षति भएको जिल्ला प्रहरीका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादले बताएका छन् । घटनाको खबर प्राप्त हुना साथ इलाका प्रहरी कार्यालय शिवनगर बाट वरिष्ठ सइ राजेश सिंहको कमाण्डमा खटिएको टोली स्थानीय र दमकलको सहयोगमा सवा १० बजे आगलागी पुर्ण रुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

त्यस्तै गएराति सवा १२ बजेको समयमा फतुवा बिजयपुर-८ स्थित बिजयपुर टोल स्थित स्थानीय जफरुल महमदको फुसको छानो भएको भैंसी बाध्ने गोठ र किचेनमा अचानक आगलागी भएको थियो। आगलागीबाट गोठमा रहेको एकथान भैंसी ९० हजार बराबरको जली मृत्यु भएको र किचेनमा राखेको अन्पात गरी कुल १ लाख ५० हजार बराबरको क्षेती भएको जिल्ला प्रहरी सहप्रवक्ता इन्स्पेक्टर साहले बताएका छन् ।

आगलागीको खबर प्राप्त हुनसाथ इलाका प्रहरी कार्यालय लक्ष्मीनिया विजयपुरबाट असइ सिताराम चौधरीको कामाण्डमा खटिएको ७ जनाको टोली, र स्थानीय मिली राती १ बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो । सो आगलागीबाट गोठ र भान्सा घर पुर्ण रुपमा जलेर नष्ट भएको छ । त्यस्तै गौर ४ टिकुलिया बस्ने महेन्द्र सहनीको घरमा आइतबार बिहान पौने ५ बजे आगलागी भएको थियो ।

बाँसको टाटी र खरले बनेको कच्ची गोठ घरमा अचानक आगलागि हुदा पूर्णरुपमा जलेर ८० हजार बराबरको क्षति भएको छ ।

खबर प्राप्त हुना साथ अ.प्र.पोष्ट बसपार्क गौरबाट बरिष्ट हवल्दार संजय पासवानको कमाण्डमा खटिएको टोली स्थानीय र दमकलको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# गौरको घण्टाघर चोकमा शालिक राख्ने विषय अनिर्णित

टुडे समाचारदाता

रौतहट । रौतहटको सदरमुकाम गौरस्थित घण्टाघर छेउमा कसको शालिक निर्माण गर्ने बारेमा बसेको सर्वदलीय बैठक बिना निष्कर्ष टुंगिएको छ ।



जिल्लाको मध्यभाग गरुडास्थित मधेशी मोर्चा ,नेपाली कांग्रेस, नेकपा एस लगाएत दलका नेताहरु सम्मिलित बसेको बैठक निष्कर्षविहीन बनेको हो ।

विगत देखि नै बीपी चोकको नामले परिचित उक्त स्थानमा गौर नगरपालिकाले स्वर्गीय बीपी कोइरालाको शालिकसहित घण्टाघर निर्माण गरेको छ ।

तर मधेश आन्दोलनको क्रममा सो स्थानमा रहेको बीपीको सालिक तोडफोड गरी चोकको नाम मधेश क्रान्ति चौक राखिएकाले त्यहाँ मधेशी सहिदको शालिक निर्माण गर्नुपर्ने मधेशी मोर्चाले अडान गरेको छ ।

गौर नगरपालिकाका मेयर शम्भु साहले मधेशी सहिदको सालिक बिनाको घण्टाघर उद्घाटन गर्ने प्रस्ताव गरेपछि मधेशी मोर्चाले मधेशी शहीदको सालिक बिना कुनै हालतमा उद्धाटन गर्न नदिने अडान लिएपछि विवाद भएको छ ।

मेयर साहले मधेशी सहिदको सालिक निर्माण नगरी बीपी कोइरालाको शालिक सहितको घण्टाघरको उद्घाटन गरेमा ठूलो विद्रोह हुने जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य योगेन्द्र राय यादवले चेतावनी दिएका छन् ।

उक्त चोकमा बीपी कोइरालाको मात्र नभई बिर मधेशी सहिदको पनि सालिक निर्माण हुनुपर्ने नेता यादवले बताएका छन् ।

बैठकमा घण्टाघर चोकमा मधेशी शहीदको शालिक राख्ने विषयमा नेताहरुले सहमति जुटाउने प्रयास गरेपनि अन्तत प्रयास असफल भएपछि अर्को बैठक बसेर सहमतिको प्रयास गर्ने गरी बैठक सम्पन्न भएको समाजबादी नेता रेवन्त झाले बताएका छन् ।

सर्वदलीय बैठकमा नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्ण प्रसाद यादव, कांग्रेस जिल्ला सभापति एवं मधेश प्रदेशका अर्थ मन्त्री सुनिल कुमार यादव, गौरका मेयर शम्भु साह,जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य योगेन्द्र राय यादव, नेकपा एकीकृत समाजबादीका नेता रेवन्त झा लगाएतका नेताहरुको सहभागिता रहेको थियो। उक्त चौकमा घण्टाघर निर्माण पश्चात मधेशी शहीदको शालिक निर्माण गरेपछि मात्र नवनिर्मित घण्टाघर उद्घाटन गर्न दिने मधेशवादीले अडान राख्दै आएको छ ।

# जनमतका कोषाध्यक्ष यादवको बन्दी प्रत्यक्षीकरण रिटमा कारण देखाउ आदेश

टुडे समाचारदाता

काठमाण्डु । जनमत पार्टीका केन्द्रीय कोषाध्यक्ष सुरेन्द्रनारायण यादवका तर्फबाट दायर बन्दी प्रत्यक्षीकरण रिटमा कारण देखाउ आदेश जारी गरिएको छ ।



सर्वोच्च अदालतका न्यायाधीश नित्यानन्द पाण्डेको एकल इजलासले यादवलाई हिरासतमा राख्नुको कारण देखाउन जिल्ला प्रहरी परिसर ललितपुरका नाममा आदेश जारी गरिएको छ ।

यादवलाई गत वैशाख ७ गते सप्तरी प्रहरीले राजविराजबाट पक्राउ गरेको थियो । ललितपुर प्रहरीमा उनीविरुद्ध ठगी र आपराधिक विश्वासघात गरेको भन्दै जाहेरी दर्ता भएको थियो ।

जिल्ला प्रहरी परिसर ललितपुरको पत्रको आधारमा उनलाई पक्राउ गरिएको थियो । हाल म्याद थप गरि गरलाई परिसरको हिरासतमा राखिएको छ ।

यादवको तर्फबाट श्रीमती ललिताकुमारी यादवले शुक्रबार सर्वोच्चमा बन्दीप्रत्यक्षीकरण रिट दायर गरेकी थिइन् ।

## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंकविवरण) सुरक्षित रखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहको पुन: प्रवेश परीक्षाको Online आवेदन फारम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८१/०८२ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/०१/१२ गतेदेखि मिति २०८२/०१/२१ गतेसम्म http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्न सूचना प्रकाशन गरिएको छ ।

थप जानकारी www.mau.edu.np मा उपलब्ध छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८